# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ असार २०८१

# मङ्गलबार

# बैठक सङ्ख्या- २१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१६ बजे प्रारम्भ भयो।

(१३:२० बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय कमला पन्त।

(१३:२१ बजे)माननीय श्री कमला पन्त (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, अहिले वर्षाको याम दैवी प्रकोपका धेरै घटनाहरू सुनिएको छ। पहाडमा पहिरो जाने, तराईमा डुबानका कारण जनजीवन अस्तव्यस्त छ। कहाँ के घटना घटेका छन्? के छ मुलुकको अवस्था? हामी जान्न चाहन्छौं भनेर माननीय सदस्यहरूले सधैं कुरा उठाउनु हुन्छ, जनजीविकाका सवालहरू, जनसरोकारका विषयहरूलाई लिएर। सरकारको जवाफ पाइँदैन। सम्माननीय

अध्यक्षज्यूले सधैं रुलिङ गर्नुहुन्छ, एक हप्तामा कम्तीमा पनि यी सवालहरूको जवाफ सरकारबाट प्राप्त हुने विषय कहिलेदेखि लागू होला अध्यक्ष महोदय? अध्यक्ष महोदयको रुलिङ लागू होस्।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य दुर्गा गुरुङ।

(१३:२२ बजे)**माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**:- माननीय अध्यक्षज्यू, कर्णाली प्रदेशप्रति नेपाल सरकार फेरि निर्मम बनेको छ। राज्य एकीकरणको प्रकृयासँगै केन्द्रीय सत्ताको प्रकोपभाजनमा परेको कर्णाली प्रदेशको दशा अझै उस्तै छ। अझै काठमाडौंले आफूलाई शासक र कर्णालीका जनतालाई फगत रैती रहेको ठानेको छ। होइन भने कर्णालीलाई खोइ त विषयगत बजेट? सङ्घीयतामा साधन र स्रोतको समान वितरण हुन्छ भन्ने खोइ? खोइ त समानता? यसको ज्वलन्त उदाहरण म के राख्न चाहन्छु भने कर्णाली प्रदेशका सबै जिल्ला सदरमुकामहरूमा गाडी पुग्दैनन्। भएका सडकहरू मृत्युमार्ग कै अवस्थामा छन्। साँघुरा सडक, घुम्तीहरूमा बनाइएका कर्णालीका स्वर्गबासी जनताका स्मृति स्तम्भहरूले बाँचिएका कर्णाली बासीहरूलाई आफ्नै जीवनप्रति निराशा बनाइरहेका छन्। श्रद्धा र स्मरणका द्योतक यी स्तम्भहरूले यहाँको जनताको दर्दनाक नियति बोल्दछन् । यो कहिलेसम्म नेपाल सरकारको ध्यानाकर्षण गर्न ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२३ बजे)**माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, बाढी प्रकोप कैलाली जिल्ला, कैलाली जिल्लाको भजनिया, टिकापुर र जोशीपुर गाउँपालिका, जहाँ सधैं भयावह रूपमा बाढी आउँछ। समयमै सचेत होऔं। समयमै प्रबन्धहरू मिलाउँ। अब यो दाउन्नेमा यो बुटवलदेखि नारायणगढसम्मको खण्ड अघिल्लो वर्ष पनि मैले यो कुरा गर्या थें। कहिल्यै बन्छ कि बन्दैन यो खण्ड? यो यस्तै हो कि? यसलाई बिगारेर, भत्काएर मात्र फालिएको छ। पाँच घण्टादेखि नौं घण्टासम्म आउन जान लाग्छ। यो सडक खण्डलाई छिटो बनाउनेतिर रुलिङ होस्। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२४ बजे)मानननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः सम्माननीय अध्यक्षज्यू, फेरि आज मैले यो बस दुर्घटनाकै कुरा गर्न लाएँ। भर्खर रोल्पाको घर्तिगाउँबाट तालबाङतिर गरेको जीप दुर्घटना भएको छ। र सात जनाको मृत्यु र सात जना घाइते भएका छन्। सारमा मैले भन्न खोजेको के हो भने चाहिँ यो यस्तो विकरालता भयो। यस्तो चाहिँ यो कहालीलाग्दो मानव मृत्युको चाहिँ साधन अहिले चाहिँ यातायात बनिराखेको छ। र तत्काल सडक सुधार गर्नुपर्ने, ट्राफिक नियमलाई कडाइका साथ पालना गर्नुपर्ने र चालकहरूलाई सचेतना गराउनु पर्छ नत्र भने यो विकरालताले मान्छेलाई चाहिँ सखाप पार्ने भयो। हवस् त । धन्यवाद।

सम्माननीय अध्यक्षः- माननीय सदस्य सुरेश कुमार आले ।

(१३:२५ बजे)माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- माननीय अध्यक्ष महोदय, भ्रष्टाचार, सबैले भ्रष्टाचारको कुरा गर्छन्, जता ततै कुरा गर्छन्। विभिन्न पात्रको कुरा आउँछ। नयाँ कथा, नयाँ घटनाको कुराहरू आउँछन्। भर्खरै कर्मचारीको सर्वोच्च कमाण्डर बैकुण्ठ कुमार अर्याल आएर मुछिएका छन्। तर मैले भन्न खोजेको सबैले जान्नु पर्ने कुरा के छ भने यो व्यवस्था जुन छ, यो पुँजीवादी व्यवस्था, यो व्यवस्थामा भ्रष्टाचार अपरिहार्य विषय हो। त्यसैले यो भ्रष्टाचार नहुनको लागि अर्कै व्यवस्थामा जानुपर्ने हुन्छ। अर्कै एउटा पद्धति हामीले अङ्गाल्नु पर्ने हुन्छ। त्यतातिर चाहिँ हामी कसैको ध्यान गएको पाइँदैन। यो व्यवस्थामा भ्रष्टाचार नहोस् भनेर भन्नु डुङ डुङति गनाउने कुकुर काखमा लिएर मगमग बासना आइदे हुन्थ्यो भने जस्तै हो। त्यसैले यो सम्भव छैन। त्यसैले हामी सबैले भ्रष्टाचार नहुने व्यवस्थातिर समाजवादी व्यवस्थातिर जानुपर्ने हुन्छ। त त्यो बारेमा चाहिँ चिन्तन मनन गरेको पाइँदैन। धन्यवाद।

(१३:२६ बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभासमक्ष जानकारी गराइ टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१३:२६ बजे)राष्ट्रिय सभा सचिव डा. सुरेन्द्र अर्याल :- सम्मानीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ। अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देश सभासमक्ष जानकारी गराउँछु।

श्री सचिव,

राष्ट्रिय सभा।

विषयः सन्देशसहित विधेयक पठाइएको।

संवत् २०८१ साल असार १७ गते सोमबार बसेको प्रतिनिधि सभाको बैठकले "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" लाई माननीय मन्त्रीले स्वीकार गर्नु भएको सङ्लग्न संशोधनसहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देशसहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

(पद्म प्रसाद पाण्डेय)

महासचिव

२०८१/०३/१७

अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देश यस सम्मानित सभासमक्ष टेबुल गर्दछु। धन्यवाद।

(१३:२८ बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ का विभिन्न शीर्षकहरू माथिको छलफल प्रारम्भ हुन्छ। यस अन्तर्गत आज संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथि छलफल हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३४ बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथि माननीय कमला पन्तबाट खर्च कटौतीको प्रस्ताव प्राप्त हुन आएको छ। माननीय सदस्यहरू, अब म खर्च कटौती प्रस्तावको

प्रस्तावक माननीय सदस्य कमला पन्तलाई आफ्नो खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै आजको लागि निर्धारित मन्त्रालयका विनियोजन शीर्षकहरूमाथिको छलफलमा समेत भाग लिन समय उपलब्ध गराउँछु। समय १३ मिनेट।

(१३:२९ बजे)माननीय श्री कमला देवी पन्त (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, म नेपाल सरकारले ल्याएको बजेट अन्तर्गत स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित विनियोन शीर्षकमा यो विविध कारणले खर्च कटौतीको प्रस्ताव राखेको छु। त्यसको म यहाँ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको चालु ३७००००११३ अन्तर्गत उपशीर्षक २२४१९ र २८१४९ मा नीतिगत असहमति, चालु खर्च शीर्षक उपशीर्षक २२४१९ मा अन्य सेवा शुल्क वापत रू. ३७,००,०००।– विनियोजन गरिएकोमा उपशीर्षकमा किटानी साथ शीर्षक नखुलेको हुँदा उपरोक्त रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव राख्न चाहन्छु।

अध्यक्ष महोदय, यसमा कारणहरू मैले भनिहालेँ। र म खर्च कटौतीका कारणहरू मेरो प्रस्ताव मैले पढिसकेँ। संविधानमा स्वास्थ्यसम्बन्धी मौलिक अधिकार छ। मौलिक अधिकार अनुसार जनताले स्वास्थ्य उपचारको व्यवस्था गरेको छैन र व्यवस्था हुनुपर्यो भनेर यही संसदमा केही महिना अगाडि मैले नै आफैंले यो सङ्कल्प प्रस्ताव सर्वसम्मतले मैले प्रस्ताव गरेर यो संसदले सर्वसम्मतले पास गर्यो। यो नैसर्गिक अधिकार हो। बाँच्न पाउने अधिकार भनेको नैसर्गिक अधिकार हो। कुनै पनि लोकतान्त्रिक मुलुकमा जनताले उपचार खर्च नपाएर, उपचार गर्ने व्यवस्था नभएर मर्न परेको मुलुकहरू मध्येमा नेपाल मात्र होला जस्तो मलाई लाग्छ।

त्यसले गर्दा अध्यक्षज्यू, मैले खर्च कटौतीको प्रस्ताव त्यसैले माग गरेको हुँ। अर्को हाम्रो सङ्कल्प प्रस्ताव हामीलाई एकजना मन्त्री हुनुहुन्थ्यो। यो प्रस्ताव पास हुने वित्तिकै फेरि अर्को मन्त्री आउनुभएको छ। राज्य भनेको निरन्तरताको कुरा हो। निरन्तर एउटाले, कल्ले एउटा पोलिसी बनाउँछ, अर्को आउँछ त्यसलाई काट्छ। अर्कोले पोलिसी बनाउँछ, अर्को आउँछ काट्छ। यो कहाँको प्रचलन भयो? र स्वास्थ्य जस्तो संवेदनशील ठाउँमा पटक पटक एउटा सरकारले बनाएको सिद्धान्तलाई सबै सरकार जो निरन्तर आइराखेका सरकारहरूले मान्यता दिनुपर्छ, त्यो चाहिँ भइराखेको छैन

अध्यक्ष महोदय, अब सोह्रौं पञ्चवर्षीय योजनाले पनि के मागेको छ? सोह्रौं पञ्चवर्षीय योजनामा स्वास्थ्यसम्बन्धी कुराहरू के के छन्? त्यसलाई हामीले सम्बोधन गर्न सक्यौं कि सकेनौं स्वास्थ्यमा? त्यसलाई पनि ख्याल गरेको जस्तो मलाई लागेको छैन। र WHO को

न्यूनतम १०% बजेट विनियोजन गर्नुपर्ने नेपाल जस्तो मुलुकमा WHO ले के भनेको छ भने, १०% स्वास्थ्यको निम्ति १०% बजेट विनियोजन गर्नुपर्छ" भनेको छ। अहिले हामीले यहाँ १०% बजेट विनियोजन गर्न सकेका छैनौं। त्यसैले गर्दा १०% बजेट विनियोजन गर्नको लागि के ले रोक्यो? किन रोकियो? जनताको स्वास्थ्यभन्दा अरू संवेदनशील विषयहरू के भए? त्यसको निम्ति त्यसमा मेरो असहमति रह्यो। दिगो विकासको लक्ष्य, लक्ष्य नम्वर ३ मा स्वास्थ्यको अधिकार चाहिँ नागरिकको अधिकार हो र स्वास्थ्यको लागि विशेष दिगो विकासका लक्ष्यहरूले लक्ष्य नम्वर १७ वटा लक्ष्य मध्ये तेस्रो नम्वरमा चाहिँ स्वास्थ्य उपचारको बारेमा नागरिकको स्वास्थ्यको बारेमा बोलेको छ। यसमा पनि ध्यान दिएको/ख्याल गरेको मैले देखिनँ। यो चाहिँ सबै कुरा के हो भने तीन तहको सरकार छ अहिले। सबैभन्दा स्वास्थ्यको लागि वातावरण बनाउनु पर्ने सरकार भनेको स्थानीय सरकार हो। यो एउटा २०४८ सालको सरकारमा जम्मा १२ अर्बको बजेट विनियोजन गरेको थियो त्यति बेलाको सरकारले। ४,९१३ वटा VDC थिए, गाउँपालिकाहरू थिए। ती गाउँपालिकाहरूमा सबै ठाउँमा एउटा स्वास्थ्य चौकीको व्यवस्था गरेको थियो। हुन त अहिले सरकारले त्यसलाई स्वास्थ्य केन्द्रको रूपमा विकास गरेको छ, उन्नत गरेको छ। त्यसलाई अब अहिले आएका सरकारहरूले। तर त्यसलाई कतिसम्म हामीले साधनसम्पन्न गराउन सक्यौं। त्यसले कति स्थानीय तहका नागरिकहरूलाई यदि स्थानीय तहमा नै हामीले स्वास्थ्यको राम्रो व्यवस्थापन गर्न सक्यौं भने माथिल्लो तहमा आउने चाहिँ कम हुन्छ। प्रेसर कम हुन्छ। राज्यलाई पनि सहज हुन्छ। र नागरिकलाई पनि सजिलो हुन्छ। त्यो इच्छा शक्ति चाहिँ देखाएको जस्तो मलाई लागेन। सेवा प्रवाहमा ध्यान दिन सक्यो त्यसमा स्थानीय तहमा भने त्यसले गर्दा केन्द्रीय सङ्घीय सरकारलाई सहज हुन सक्छ।

कुल स्वास्थ्य बजेटको कम्तीमा आधा ५०%, WHO ले कम्तीमा पनि कुल स्वास्थ्यको बजेटको ५०% चाहिँ स्थानीय तहमा पठाउनु पर्छ नेपाल जस्तो मुलुकलाई भनेको छ। तर हामीले चाहिँ यसलाई त्यति धेरै नराम्रो त मैले मानेको छैन। तर ५०% पुर्याउन सकेको छैन। ३९% बजेट अहिले स्थानीय तहमा पुर्याएको छ। स्वास्थ्यमा चाहिँ यति धेरै गैरजिम्मेवार हुनु हुँदैनथ्यो। ५०% नै तल्लो तहमा पठाएको भए सङ्घीय सरकारलाई सहज हुन सक्थ्यो। यो चाहिँ गर्न सकेको छैन। अर्को चाहिँ यो रोग र रोगीको उपचार मात्र हाम्रो कर्तव्य होइन। रोगलाई हुनै नदिनतिर सरकार संवेदनशील हुन सकेको छैन। रोग आउनै नदिनको लागि स्वच्छ खानेपानी, स्वस्थ्य खानेकुरा यस्ता कुराहरूमा सरकार संवेदनशील हुन सकेको छैन। बिमा कार्यक्रम प्रभावकारी भएन। यो गाउँ गाउँमा पुर्याउनु पर्यो र बिमा चाहिँ यो चाहिँ कस्तो छ भने गरिब र धनीलाई छुट्याउने दोस्रो नागरिकको हैसियत दिने र कम्तीमा दोस्रो नागरिक बिमाको

कागज लिएर गएको बिरामी छ भने त्यसको उपचारको नै अर्को वातावरण हुन्छ त्यहाँ। कसैले त्यहाँ मेडिकलमा गयो भने पनि हेपेको हुन्छ। त्यस्तो हुन्छ। यसलाई कसरी सम्मानित गराउने? सरकारले बिमा दिएर मात्र भएन। त्यसलाई सम्मानित गराउने तिर पनि ध्यान पुर्याउनु पर्यो। र अर्को चाहिँ के भन्दा एक लाख पाँच जनाको परिवार छ एक लाख दिएर के हुन्छ? कति खर्चिलो हुन्छ उपचारको व्यवस्था छ। उपचारका रोगहरू आएका छन् अहिले। कति खर्चिलो रोगहरू छ। त्यसलाई चाहिँ संवेदनशील भएको देखिँदैन। र अहिले हामी नेपाल जस्तो देशमा हामीले पहिला आयुर्वेदको उत्पत्ति नै यहाँबाट नेपालबाट गयौं। तर नेपालबाट उत्पत्ति भएको आयुर्वेदको व्यवस्था यो चाहिँ प्राकृतिक, होमियोपेथी लगायतका अन्य आयुर्वेद चिकित्सा, प्राकृतिक चिकित्साले पनि राम्रो उपचार दिइराखेको छ। त्यसपछि होमियोपेथी, होमियोप्याथीले पनि गरेपछि यसलाई पनि अलिकति मध्यनजर गर्नु पर्यो सरकारले यी उपचार विधिहरूलाई । एलोप्याथीमा मात्रै गएर मात्रै उपचार हुन्छ भन्नेतिर हामी लाग्न भएन। यसमा पनि ध्यान दिनु पर्यो।

र अध्यक्ष महोदय, महिला स्वास्थ्य स्वयंसेविका यो देशको स्वास्थ्य क्षेत्रको ७०% काम महिला स्वास्थ्य स्वयंसेविकाले गरेका छन्। यहाँ जागिर खानेहरूले टेन टु फाइभ गर्छन्। उनीहरूले २४ घण्टा सेवा दिएका छन्। राती फोन आयो भने पनि दौडिएर जनताको घरमा पुग्छन् महिला स्वास्थ्य स्वयंसेविका। के incentives दिएको छ सरकारले? सोच्नु पर्दैन? अलिकति त ध्यान दिनुपर्छ त्यो महिलाहरू चाहिँ सेवा गर्न उनीहरू अनिच्छुक छैनन्। तर सेवा गरे बापत राज्यले केही न केही त सोच्नु पर्यो नि। महिला स्वास्थ्य स्वयंसेविकाको बारेमा केही सोचाइ छैन। अहिले देशमा आठ हजारभन्दा बढी स्वास्थ्य संस्थाहरू छन्। तर दुई हजारभन्दा बढी चिकित्सकहरू देशमा छैनन्। कहाँ गए हाम्रा चिकित्सकहरू? यत्रा उत्पादन भएका छन्। चिकित्सकहरू छैनन्।

कर्णालीमा गयो भने डाक्टर जान मान्दैनन् कर्णालीतिर। अब यो अवस्थालाई के गर्ने? कर्णालीमा गएका डक्टरहरूलाई हामीले थप केही सुविधा दिउँ। सुविधा दियो भने त गइहाल्छन् नि। अब आफ्ना नागरिकलाई दुश्मनको रूपमा सोच्न भएन नि सरकारले। त्यो डक्टर पनि त नागरिक हो। उसलाई त्यहाँ जानुपर्ने समस्या अप्ठ्यारोको अवस्थालाई चाहिँ सोच्नुपर्यो।

र अध्यक्ष महोदय, नेपाल एयरलाइन्स म पर्यटनमा यसो छुस्स। नेपाल एयरलाइन्सलाई एकदमै सम्मानित बनाउनुहोस्। पर्यटन व्यवसाय त्यसै बढ्छ। नेपाल एयरलाइन्सबाट आएर नेपाल आउन चाहने विदेशीहरू धेरै छन्। नेपाल एयसलाइन्सको अरू कथा भन्ने मलाई फुर्सद

छैन। तर एयरलाइन्सको अवस्था मध्यनजर गर्नुस्। आफ्नै आत्मनिरीक्षण गर्नुस् पर्यटन मन्त्रीले। पर्यटन मन्त्रीज्यू हुनुहुन्छ कि हुनुहुन्न मलाई थाहा छैन। तर पर्यटन मन्त्रीले भित्र अन्तरमनलाई सोध्नुहोस्, के भइराखेको छ। त्यसपछि काम गर्नुस्।

अर्को चाहिँ परराष्ट्र मन्त्री। परराष्ट्र मन्त्रीज्यू त हुनुहुन्छ। उहाँ एकदम संवेदनशील हुनुहुन्छ जस्तो मलाई लाग्छ। पञ्चशीलको सिद्धान्तलाई लागू गर्नु भाछ, छ, मानिन्छ? कहिले कसैको कुनै कसैको देशमा नजिकिन गा'छ, दौडिएर गा'छ। कहिले कसैकोमा गा'छ। यसरी हामी सम्मानित नागरिक हुन सक्दैनौं। हामी इज्जतदार नागरिक हुनुपर्यो। नेपालीले पूर्वजका पालादेखि पूर्खाको पालादेखि इज्जत कमाएर बसेको मुलुक हो। त्यसले गर्दा यो पञ्चशीलको सिद्धान्तलाई चाहिँ मध्यनजर गर्नुस्। अर्को चाहिँ जलस्रोतमा बुढीगण्डकी परियोजना कहिलेदेखि लागू हुन्छ? के हुन्छ? अहिले त पैसा जम्मा गयौं हामीले फ्युलबाट कटौती गरेर भन्ने थियो। अहिले त फेरि त्यही पनि आउन छोडिसक्यो। फ्युलको पैसा पनि छैन रे। अहिले त बजेटै छैन रे। कहाँ गयो त त्यो पैसा? हामी गोर्खालीले खोज्छौ अब। कहाँ गयो त्यो बजेट? त्यो बुडीगण्डकी परियोजना तुरुन्त लागू गर्न पर्यो।

र अब अर्थ मन्त्रीज्यू। मैले अर्थ मन्त्रीज्यूकै बारेमा भन्छु। अर्थ मन्त्रालय बाह्र अर्ब बजेट विनियोजन गरेको अर्थ मन्त्रालयमा आज सत्र अर्ब लगभग अठार खर्बको बजेट विनियोजन हुन लागेको छ। यहाँका समस्या पनि धेरै छन्। हामीलाई कोभिड पछि मन्दी पनि छ। दुःख पनि छ। एकदमै समस्या छ मुलुकमा। तर अब एउटा कुरा मैले अघिल्लो मन्त्रीसँग अघिल्लो पटकको भन्न पनि भन्या थैं। अर्थ मन्त्रीज्यू यहाँ हुनुहुन्न खबर पुग्ला। रेकर्ड पनि सुन्नुहोला। अर्थ मन्त्रीज्यू तपाईंसँग हिम्मत छ भने पाँच सय र हजारको नोट ब्याण्ड गर्नुस्, केही गर्नु पर्दैन। एक महिनाको समय दिनुहोस् बैङ्कमा दाखिला गर्नु भनेर। एक महिनाको समय उसले ट्याक्स तिर्छ। उसको पैसा लगेर दाखिला गर्यो भने मुलुकलाई ट्याक्स तिर्छ। त्यसपछि उसको पैसा उसको हुन्छ बैङ्कमा राख्छ। लगेर हिम्मत गरेर राख्लान्। हुँदैन लगेन भने पाँच सय र हजारको नोट ब्याण्ड गर्नुस्। त्यसपछि मुलुकको कायापलट हुन्छ। यहाँ बोरा बोरामा पैसा बाँधिएर राखिएको छ। कल्ले राख्यो मलाई थाहा छैन। तर यस्तो धेरै दरिद्र मुलुक हुँदैन। कसैको खल्तीमा पैसा धेरै नभएदेखि र यो mobilize हुने भने पुँजी भन्ने कुरा mobilize हुनुपर्यो। मार्केटमा आउनुपर्यो। बजारमा आउनुपर्यो। खोइ बजारमा पैसा आएको? पुँजीगत खर्च खर्च हुँदैन। पुँजीगत खर्च खर्च भयो भने पनि बजारमा आउने हो। अनि त्यसपछि बोरामा राखेर पैसा राखेपछि बजारमा बजेट आउँछ? यति कुरा सबैले बुझ्न पर्दैन? अर्थ मन्त्री कि त्यसैमा सङ्लग्न हुनुहुन्छ। होइन भने अन्यथा नमान्नु अर्थ मन्त्रीज्यू, मैले आवेशमा भनेको यति कुरा गर्ने हिम्मत

गर्नुस्। तपाईंले यति हिम्मत गर्नु भयो भने मुलुकले अर्कै रूप लिन्छ। कायापलट हुन्छ मुलुकको परिस्थिति। त्यसले गर्दा यो गर्नुस् मैले अर्थमन्त्रीज्यूसँग विनम्रताका साथ अनुरोध गरें।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत एकचोटी हो समय एकचोटी आउँछ मन्त्री पटक पटक हुने कुरा होइन। आफू हुँदाखेरि यो मन्त्रालयको लागि केही न केही गरेरै देखाइ दिनुहोस्। धेरै action मा आउन खोजेका मान्छेहरू पनि निरुत्साहित हुन सक्छन्। यी कुराहरू गर्नु भयो भने तपाईंको इज्जत पनि हुन्छ। इतिहास पनि बन्छ। यति गर्नु भयो भने म अध्यक्ष महोदय मैले यति भन्दै आफ्नो ..... (समय सकिएको) ।

(१३:४२ बजे)सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, आजको लागि निर्धारित मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकको छलफलमा भाग लिनु हुने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त हुन आएको छ। अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु।

सर्वप्रथम माननीय सदस्य नर बहादुर विष्ट। समय १० मिनेट। त्यसपछि माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:४२ बजे)माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, आज हामी आर्थिक वर्ष २०८१।०८२ को विनियोजन विधेयकमाथिको छलफलमा हामी छौं। म छलफल गर्नुभन्दा पहिला अहिले हिजो राती मात्रै बाह्र बजे नेपालमा फेरि राजनीतिक उथलपुथल भयो र हस्ताक्षरसहित राती बाह्र बजे शीतल निवास शीतलखाना पुगे भन्ने समाचारहरू आइराखेको छ। २०१६ सालमा यस्तै बजेट ल्याउँदाखेरि बजेट भाषण गर्दै गर्दै, बजेट माथिको छलफल गर्दैखेरि तत्कालीन शासकले षड्यन्त्रपूर्वक तरिकाले संसदीय व्यवस्थालाई collapse गर्नुको लागि योजनाबद्ध तरिकाले राती बाह्र साढे बाह्र बजे संसदको अधिवेशन ल्याएको थियो अरे। त्यहि अधिवेशन अन्तर्गत हामी आज २०८१।०८२ को छलफल गर्दै गर्दाखेरि हिजो नेकपा माओवादी पार्टी, नेकपा एमाले लगायत राजनीतिक दलको बिचको गठबन्धन सरकार बन्दाखेरि एउटै हलमा सम्मानित अध्यक्ष के.पी. शर्मा ओलीले माननीयहरूलाई प्रशिक्षण दिनुभो "मेड इन नेपाल"। यो मेड इन नेपाल हो है भन्दैखेरि आज मेड इन नेपाल हो या कुन नेपाल हो त्यो थाहा छैन मलाई तर अर्थतन्त्रले लय

ल्याइराखेको बेलामा फेरि पनि यो देशको संविधानलाई संशोधन गर्ने सर्तसहित नेपालको नेपाली जनताको मौलिक अधिकार सङ्घीय गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक, समावेशी संविधानलाई संशोधन गरेर सर्तसहित समझदारी भयो भन्ने कुरा सुनेका छौं। हेर्दै जाउँ कहिलेसम्म के के हुन्छ। तर त्यत्तिकै सहज छैन संविधान संशोधन गर्न। यो संविधानमा दुई व्यवस्थापिका छ। प्रतिनिधि सभा र राष्ट्रिय सभा छ। संसदको दुई तिहाइ बहुमत चाहिन्छ। त्यसैले दुई तिहाइ बहुमत दुईटै सदनबाट पारित हुन्छ कि हुँदैन? त्यो हेर्न पछि हेरौंला। तर पनि जति बेला यो देशमा नेपालको वस्तुगत आवश्यकतालाई मध्यनजर गरेर नेपाली अर्थतन्त्र आत्मनिर्भरको स्वतन्त्रको विकासको जब जब सुरु हुन्छ तब तबसम्म नेपालमा राजनीतिक अस्थिरता सिर्जना गर्ने, यो राजनीतिक अस्थिरता सिर्जना र गठबन्धनको रोलबडी नेपालबाट मात्रै भएको होइन। हाम्रो मित्र राष्ट्र भारतमा पनि गठबन्धनको संस्कारबाट नेपालले सिक्यो तर त्यो सिक्नु पर्दैनथ्यो। हाम्रो आफ्नै गठबन्धन बनाउनु पर्छ। आफ्नै तरिकाले चल्नु पर्थ्यो। तर अहिले भर्खरै भारतमा पनि गठबन्धन सरकार बनेको छ मोदीको नेतृत्वमा। त्यो पनि कहिले हुन्छ? यहाँ दोष लगाउँछ कि अर्को देशले यहाँको गठबन्धन भत्काइदियो भनेर दोष लगाउने नेपाली परम्परा भइसक्यो। नेपालका मिडियाले चलाउने परम्परा भइसक्यो। तर भारतको गठबन्धन नेपालले गठबन्धन गराइदिएको हो कि होइन? त्यो भन्न सक्छन् कि सक्दैनन् त? त्यो नेपालका मिडियाले लेख्न सक्छ कि सक्दैन त भन्दाखेरि त्यो सत्य कुरा त्यो नेपालले भारतमा पनि गठबन्धनको परिणाम चुनावमा ल्याइदियो भने भन्न सकिन्छ होला। तर पनि यो स्थायित्व र विकासको लागि म यो आजको विनियोजित बजेट संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालय सम्बन्धी छ।

यो सुधारिएको संसदीय व्यवस्था भनेर हामीले २०७२ को संविधान निर्माण गर्यौं। सुधारिएको संविधानले के सुधार्न सकेन भन्दाखेरि अहिले मलाई लाग्छ यो जुन मैले अघि प्रसङ्ग राखें। यो बजेट विनियोजनमाथिको शीर्षकको छलफल गर्नुभन्दा अगाडि मैले केही राखें। जो अहिलेको सरकारले सम्माननीय प्रधानमन्त्री कमरेड प्रचण्डको नेतृत्वमा बनेको सरकारले सुशासनमाथि जसरी चाहिँनी तपाईंको नेपाली जनतालाई आत्मविश्वास दिलाउँदै गइराखेको थियो। त्यो सुशासनबाट डराएर हो? मैले अघि एउटा पत्रिका हेरें। एउटा पचपन्न अर्ब उनान्साठी करोड रुपैयाँ सीआईबीले एउटा त्यसको जाँच गरेर सुन तस्करको बारेमा केही दिनपछि मुद्दा दायर गर्दै रहेछ। केही गरिसक्यो। करिब करिब वर्षमा एक अर्ब रुपैयाँ राष्ट्र बैङ्कबाट भुक्तानी हुँदाखेरि नियमक निकाय कहाँ गयो होला मेरो प्रश्न। त्यसैले यहाँ नाम के रहेछ भने तपाईंको एउटा गेट

वे पेमेन्ट भन्ने रहेछ। एउटा पावेल नेपाल प्रा लि. र सजिलो पेमेन्ट सर्भिसेज भन्ने दुईवटा संस्था कम्पनी रहेछन्। ती कम्पनीले करिब वार्षिक एक खर्ब रुपैयाँ भन्दा बढी सुन तस्करी मात्रै गर्दा रहेछन्। यी सबै चाहिँनी भ्रष्टाचारहरू नेपाल सरकारको मुख्य सचिवसहित भ्रष्टाचारमा आज सयौं जना तत्कालीन गृह मन्त्री, तत्कालीन उपप्रधानमन्त्री लगायतका मान्छेहरू आज जेलका छिँडिमा छन्। एउटा जुन तस्करको नाइके भर्खरै अस्ति something झा भन्ने समातियो। तत्कालीन गृह मन्त्री राम बहादुरको छोरा प्रतिक समातिसकेपछि प्रतिपक्षका साथीहरू अलि डराए। सबैमा हुन्छ कि? भ्रष्टाचार भनेको राष्ट्रको शत्रु हो। सबै दलको लागि शत्रु हो। देशको लागि शत्रु हो। कोही प्रतिपक्ष, सत्तापक्ष भन्दैन। समग्र नेपाली जनताको भ्रष्टाचार हो, शत्रु हो, ती शत्रुलाई निमिट्यान्न पार्नको लागि जुन खालको अहिले सुशासनको अभियानमा आएर जुन देखा परका जनताले आशा गरेको त्यो बाट पनि डराएर कहिले गठबन्धन फेरि यता उता हो कि भन्ने नेपाली जनताले शङ्का गरेका छन्। यद्यपि दीर्घकालीनसम्म कहिले जान्छ? भन्न सकिँदैन।

त्यसैले म यो अहिले ल्याएको बजेट, नेपाल सरकारले ल्याएको बजेटको यी शीर्षकमाथिको छलफलमा मैले सर्सर्ती हेरें। मैले अघि नै भने सुधारिएको उसमा जो मन्त्री हुन्छ उसले आफ्नो ठाउँमा बढी नै हालेको देखिन्छ। त्यसैले नेपालको असन्तुलित विकासको परिणाम के हो त भन्दाखेरि राष्ट्रिय योजना आयोगले सोह्रौं योजनामा ल्याएका योजनाहरूलाई एउटै जिल्लामा केन्द्रित गर्ने अथवा दुईवटै जिल्लामा जो आफू चाहिँ तपाईंको सधैंभरि यो देशको लागि लडेको नेतृत्वपङ्क्तिले आफ्नो जिल्लामा केन्द्रित गर्दाखेरि समाजवादको आधार कहाँबाट तयार होला? विकासको मोडेल कहाँबाट तयार होला? अर्बौंको चाहिँनी भ्यू टावर बनाउँदाखेरि कहाँबाट विकासको मोडेल होला? त्यसैले यी नेपालमा जुन पर्यटकीय सम्भावना सोह्र लाख भन्ने छ। यसले जुन खालको ल्याउने अभियान सुरु गरेको छ र स्वास्थ्यमा पनि स्वास्थ्य मन्त्रालयले पनि जसरी चाहिँनी तपाईंको यो संविधानमा व्यवस्था गरेअनुसारको मैले ल्याएको देख्दिनँ। तर पनि परराष्ट्र मन्त्रालय, परराष्ट्र मन्त्रालयले सन्तुलित परराष्ट्र नीति र पञ्चशीलताको आधारमा सन्धि सम्झौता गर्नु पर्ने। यी आफ्नो प्रक्रियामा छन्। खानेपानी मन्त्रालयमा पनि खानेपानी सबैको नेपाली जनताको पहुँच भन्ने आधारमा छ। तर पनि यो जसरी चाहिँनी तपाईंको उपयुक्तताको साथमा समग्र रूपमा सबैको पहुँच पुग्ने गरीकन नीति कार्यक्रममा जसरी आउँछ। राम्रो आउँछ। बजेट आउँदाखेरि राष्ट्रिय योजना आयोगले बजेटको सिलिङ्ग सम्बन्धित मन्त्रालयले दिन्छ। जब त्यो सम्बन्धित मन्त्रालयले बजेट दिन्छ। त्यो बजेट सिलिङ्गलाई पहुँचवालाको जुन खालको छ यो यसको प्रवृत्तिको अन्त्य नगर्दासम्म नेपालको समग्र विकासको लागि, नेपाली जनताको सबैको पहुँचको विकासको लागि पुर्याउन सकिँदैन जस्तो लाग्छ। तर पनि यो अहिलेको

बजेटमा नेपाली मौलिकताको आधारमा यहाँ चाहिँ तपाईंको अर्थतन्त्रको विकास कसरी गर्ने? यसलाई कसरी परिचालन गर्ने? चार/पाँचवटा बुँदामा अर्थमन्त्रीले २०६५ देखि अहिलेसम्मको र विगतको चाहिँनी समीक्षासहितको बजेट आएको छ। यो बजेटले नेपाली जनताको एउटा आशा पलाएको छ। यो कार्यान्वयन गर्नको लागि कत्तिको तदारुकता हुन्छ। कार्यान्वयन भनेको मुख्य चुनौती हो। त्यसैले जुन खालको यो बजेट छ। यो बजेट यो मन्त्रालयमा यो आर्थिक वर्ष २०८१।०८२ को विनियोजन बजेटमाथिको छलफलमा भाग लिँदै गर्दाखेरि म यो बजेटमाथि समर्थन गर्दै फेरि पनि यो जनताको पहुँच र जनताको आँगनमा पुग्ने गरीकन कार्यान्वयन होस् भन्ने सुझाव राख्न चाहन्छु।

र सधैँभरि गठबन्धन चार/पाँच महिनामा सधैँभरि यो जुन खालको रिले दौड छ। यो रिले दौडको अन्त्य कसरी गर्ने? कसरी गर्ने? मैले अघि प्रसङ्गमा पनि भने। सामान्यतः संशोधन संविधान खेलवाड होइन। कसैलाई चाहिँ इच्छा लाग्ने बित्तिकै कुनै व्यक्तिलाई इच्छा लाग्ने बित्तिकै संशोधन हुनेवाला होइन। त्यो चुनौती र त्यसको सामना कसरी गर्छ हामी पनि पर्खाईमा छौं भन्दै आफ्नो भनाइ अन्त्य गर्छु। हवस् त, धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त मिश्र। समय १० मिनेट। यसपछि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:५३ बजे)<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन शीर्षकहरूमा छलफल गर्दा अब कहाँ कति विनियोजन भयो, कहाँ कम भयो, कहाँ ज्यादा भयो भन्नु त्यति सार्थक हुँदैन किनभने तल प्रतिनिधि सभाबाट यो बजेट पास भइसकेको छ। त्यसकारणले म केही सैद्धान्तिक कुराहरूमा जान्छु। पहिले एउटा समस्याको कुरा गर्नु जरुरी छ। पछिल्लो दश पन्ध्र वर्षदेखि बजेटमा विचौलिया भनौं या दलाल भनौं या पर्दा पछाडिका मानिस भनौं, उनीहरूको रजगज जस्तो छ। के हो उनीहरू आफैं लाभ लिनको लागि हुन् कि? लाभको अंश कहाँकहाँ पुग्छ यो हामी जान्दैनौं। तर योजना छान्नेदेखि कर निर्धारण र अन्य आम्दानी खर्चका विषयमा उनीहरूको सल्लाहमा ज्यादा काम हुन्छ भन्छन्। म थोरै केही शीर्षकहरूमा जान्छु। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा हाम्रो मातृ भाषा नेपाली हो। हाम्रो भाषाको जननी संस्कृत भाषा हो। संस्कृत भाषा माथिको प्रहार संस्कृतिमाथिको प्रहार हो। बडा गाह्रो छ। पशुपतिनाथको मन्दिर हाम्रो आस्थाको केन्द्र हो।

केही ठाउँमा भेटीमा भाग भण्डा भएका खबर बाहिर आउँछन्। हामीले गर्न सक्यौं भने धार्मिक पर्यटनलाई भित्र्याउन सक्नु पर्ने छ। वास्तवमा मैले पहिला पनि एकपटक भनेको थिए। पशुपतिनाथको मूर्ति सिङ्गारिएको मूर्ति त्यति सुन्दर मूर्ति यो संसारभरिमा अर्को कुनै मूर्ति छैन। त्यो मूर्तिलाई बाहिर निकाल्न दिइँदैन।

सम्माननीय अध्यक्ष महोदय, रुलिङ होस् कि त्यो मूर्तिको फोटो संसारभरि जाओस्। काशी विश्वनाथको फोटो गएको छ। हामी कहाँमाथि हामी कहाँ मुक्तिनाथमा भारतको प्रधानमन्त्री आउँदा मुक्तिनाथको फोटो सबैले देख्दाखेरिमा त्यसपछि मुक्तिनाथमा पर्यटकहरूको घुँइचो लागेको छ। त्यसकारणले धार्मिक पर्यटनलाई धेरै भित्र्याउन सक्ने ठाउँ छ। जनकपुरमा जानकी छन्। मुस्ताङमा मुक्तिनाथ छन्। पशुपति छन् र लुम्बिनीमा समेत व्यवस्थापन गर्न सक्यौं भने हामी धार्मिक पर्यटन पर्यटकहरूको ओइरो लगाउन सक्छौं। हामीसँग बिजुली उत्पादन हामी गर्न सक्छौं। हिमालको फेदीसम्म कतिपय ठाउँमा केबुल कार पुर्याउन सक्छौं। सबै दर्शनीय स्थलहरूमा। कहीं जनावरहरू भएको ठाउँ, कहीं वन, डाडाँकाडाँ भएको ठाउँमा। त्यस ठाउँमा पर्यटनको विकास हामीले गर्यौं भने मलाई लाग्दछ पर्यटनले नेपालको समस्या धेरै हदसम्म सहज हुनेछ। नेपाल बायु सेवा निगमलाई प्राइभेट पब्लिक पार्टनरसीपमा लैजान जरुरी छ। हामीले त सरकारको निगरानीमा जति जहाज किन्यौं त्यति मुद्दा खेप्यौं।

त्यसकारणले यसलाई सरकारसँग राखेर यो यसको उन्नति प्रगति धेरै हुन सक्दैन। तसर्थ जति सक्यो छिटो यसलाई पब्लिक प्राइभेट पार्टनरसीपमा लैजान आवश्यक देखिन्छ। रक्षाको कुरा गर्दा हाम्रो सेना व्यावसायिक सेना हो। यो व्यावसायिक सेनाको मनोबल उच्च राख्ने काम गर्नुपर्छ। म भन्छु सेनाको तलब सुविधा अरू सबै कर्मचारीहरूको भन्दा बढी बनाइदिनुपर्छ। तर सेनालाई विकास निर्माणको काममा, सेनालाई अरू व्यापारिक काममा लगायौं भने अहिले फास्ट ट्र्याक सेनाले बनाइराखेको छ। समयमा फास्ट ट्र्याक सम्पन्न नहुँदा औंला उठेको छ। हाम्रो व्यावसायिक, पवित्र तुलसी जस्तो सेनालाई यसलाई हामीले कहीं विवादमा पर्नु दिनु हुँदैन। तसर्थ सेनालाई व्यावसायिक नै राखौं। उसको मनोवल उच्च हुने काम गरौं।

स्वास्थ्य, जनसङ्ख्या मन्त्रालयको कुरा गर्दा अहिले जिका भाइरस गोवामा देखिइसकेको छ, ख्याल गरौं। गर्भवती महिलालाई जिका भाइरसको भाइरस बोकेको मच्छरले टोक्यो भने त्यो भित्रको सन्तान विकलाङ्ग हुनसक्छ। त्यसकारणले अब डेङ्गु छुट्टै छ। डेङ्गुको प्रकोप छुट्टै छ। अब मौसम खराब छ, झाडा पखाला पनि आउन सक्छ। भूकम्प पीडितहरू पालमा नै छन्। ख्याल गरौं तिनीहरू कहाँ कति रोगव्याधीहरू लाग्ने हुन्। स्वास्थ्यले अब यो योगलाई स्वास्थ्यले

स्वास्थ्य भित्र बसाइदिन पाएमा २५% रोग, बिरामीहरूको २५% स्वास्थ्यको खर्च घट्थ्यो कि भन्ने मलाई लाग्छ। त्यसकारणले योगलाई पनि स्वास्थ्य भित्रै यसलाई पसाएर मान्छेलाई औषधि उपचार गर्नुभन्दा पहिले नै cure हुन सक्ने परिस्थितिमा पुर्याउनु पर्छ। अब एउटा कुरा सरकारले निःशुल्क वितरण गर्ने औषधिहरूको रङ, प्याकेट आदि छुट्टै बनाउनु पर्छ। होइन भने बजारमा बेचिन पुग्यो भने त्यो कुरा होस् गर्नुपर्छ। अब यो एउटाले भन्यो जनसङ्ख्या अब घट्न सक्छ है। जनसङ्ख्या घट्यो भने के हुन्छ? जनसङ्ख्या बढ्यो भने के हुन्छ? यसमा छलफल गरौं र जनसङ्ख्या बढाउनु पर्ने भए बढाऔं, घटाउन पर्ने भए घटाऔं। त्यसकारणले यो जनसङ्ख्याको कुरा पनि।

अब परराष्ट्र मन्त्रीज्यू हुनुहुन्छ। मैले परराष्ट्रमा पनि बोल्नै पर्छ। सम्माननीय अध्यक्ष महोदय, बीपीले आफू अन्तिम समयमा भोला चटर्जीज्यूलाई एउटा अन्तर्वार्ता दिनुभएको थियो। त्यो अन्तर्वार्तामा उहाँले भारत सँगको सम्बन्ध भ्रातृत्वमा आधारित हुनुपर्छ। र चीनसँगको सम्बन्ध एउटा असल छिमेकीको रूपमा विकास गरेर लैजानुपर्छ भनेर भन्नुभाथ्यो। मलाई केही थप कुरा गर्न मन लाग्छ। हामी असङ्लग्न परराष्ट्र नीतिमा चुक्यौं भने सैनिक साझेदारीमा पनि चुक्न सक्छौं। तसर्थ ख्याल गरौं। हो भारत देवनागरी लिपि, धार्मिक समानता, खुला सीमाना धेरै कुराहरू भारतसँग मिल्दाजुल्दा छन्। चीन विशाल देश हो। हिमाल पारी छ। उसको पनि आड भरोसा हामीलाई चाहिन्छ। त्यति मात्र होइन एउटा चटकेले डोरीमा हिँड्नु पर्दा त्यसै डोरीमा हिँड्न सक्दैन। उसले छाताको सहारा लिनु पर्ने हुन्छ। त्यसकारणले हामीले यत्रो विशाल देशको बिचमा बस्दा पश्चिमाहरूको छाता ओढेनौं भने हामी कहीं पनि गिर्न सक्छौं। त्यसकारणले त्यो छाताको प्रयोग पनि हामीले गर्नुपर्ने परिस्थिति सिर्जना हुन्छ।

र सम्माननीय अध्यक्ष महोदय, ऋणको मित्रता नगरौं। ऋणको मित्रता नगरौं। सहयोग र आवश्यक सहयोग छ भने लिउँ। बडा एउटा कुरा नभनीकन रहन सकिँदैन। गोर्खा भर्ती केन्द्र खारेज गर, गोर्खा भर्ती केन्द्र खारेज गर भनेर नारा लगाए। त्यो नारा लगाउने मान्छेहरू शासनमा छन्। होइन रुस भर्ती केन्द्र सुरु गर, रु भर्ती केन्द्र सुरु गर भन्या त होइन होला। त्यसको विषयमा के सोचाइ छ सरकारको? त्यहाँ म यसमा परराष्ट्र मन्त्रीज्यू, प्रधानमन्त्रीज्यू समेतको पनि जवाफ चाहन्छु।

ओहो समयले नेटो काट्यो बडा गाह्रो भो।

होइन परराष्ट्र भनेको राजदूत भर्ना गर्दै जाने र खटाउँदै जाने संस्था होइन। अर्थ मन्त्रालयको कुरा गर्दा अर्थ मन्त्रालयमा पनि लोकतन्त्रको आवश्यकता छ। अनुशासन नमान्ने हो

भने सेनालाई समयमा सेनाको प्रयोग गर्न सकिँदैन, प्रहरीको प्रयोग गर्न सकिँदैन। खेल्ने खेलाडीहरूलाई प्रयोग गर्न सकिँदैन। त्यसकारणले अर्थ मन्त्रालयमा, अर्थ मन्त्रालयमा पनि अनुशासन चाहिएको छ। त्यो अनुशासन राजस्व सङ्कलनमा चाहिएको छ। राजस्व निर्धारणमा चाहिएको छ। राजस्व छुट र असुलीमा चाहिएको छ। यदि हामीले राजस्वलाई राम्ररी इमान्दारीसाथ सञ्चालन गर्ने हो भने राजस्व दश एघार अर्ब होइन बिस बाइस अर्ब रुपैयाँ राजस्व उठ्न सक्छ। हामीले देखेका छौं सयवटा प्याकेटमा पच्चिस प्याकेटको भन्सार काटेर ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय १२ मिनेट। यसपछि माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१४:०४ बजे)**माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ का विभिन्न मन्त्रालयका शीर्षकहरू माथिको छलफलमा छौं आज हामी। हामीले सिद्धान्त र प्राथमिकताको बारेमा छलफल गरिसक्यौं। नीति, कार्यक्रम र बजेट विनियोजनको बारेमा नि छलफल गरिसक्यौं। र आज हामी मन्त्रालयगत विनियोजित बजेटको बारेमा छलफल गरिरहेका छौं विभिन्न शीर्षकहरूमाथि। सर्वप्रथम म देशका विभिन्न ठाउँमा आएको भारी वर्षाको कारण बाढी पहिरो गई प्राकृतिक विपद्मा परी ठुलो धनजनको क्षति भएको छ। यो धनजनको क्षति प्रति सरकारको ध्यानाकर्षण गराउँदै सम्बन्धित स्थानमा आवश्यक राहत, उद्धार, सहयोग र सुरक्षित गराउने तर्फ नेपाल सरकारको ध्यान केन्द्रित गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, परराष्ट्र मन्त्रालयले गरेको बजेट विनियोजनको सम्बन्धमा आफ्ना केही सैद्धान्तिक र नीतिगत धारणा राख्न चाहन्छु। यो औपचारिकता पूरा गर्दै छौं आज हामी बजेट विनियोजनको कार्य भइसकेको छ। फेरबदल हुने सम्भावना छैन। थाहा हुँदा हुँदै पनि आफ्ना केही धारणा राख्नलाई म पनि यहाँ उभिएको छु। सर्वप्रथम म परराष्ट्र मन्त्रालयले गरेको बजेट विनियोजनको सम्बन्धमा केही आफ्ना कुरा राख्न चाहें। परराष्ट्र सम्बन्धी नीति, नेपालको परराष्ट्र सम्बन्ध, प्रभावकारी कूटनीतिक सम्बन्ध, आफ्नो देशको स्पष्ट धारणा, काउन्सिलर तथा राहदानी सेवा, आर्थिक कूटनीतिक, विदेशमा रहेका नेपालीहरूको हितको रक्षा, स्वतन्त्र सन्तुलित सम्बन्ध, सार्वभौम समानता, पारस्परिक लाभका विषयमा पहलकदमी लिने यो

मन्त्रालय हो। जलवायु परिवर्तनको कारण नेपाली जनताले भोग्नु परेको जोखिम र प्राकृतिक विपत्तिसम्बन्धमा अविकसित राष्ट्रको नाताले प्राप्त गर्नुपर्ने सुविधा र सहयोगको बारेमा लिनुपर्ने पहलकदमीको विषयलाई गम्भीरतापूर्वक लिएको देखिँदैन। सीमा सुरक्षाको विषयमा कूटनीतिक पहल चुच्चे नक्साभित्रको जमिन प्राप्तिको विषय प्राथमिकतामा परेको छैन। नेपालले १८२ देशमा कूटनीतिक सम्बन्ध कायम स्थापित गरेको छ। तर राष्ट्रिय हितको प्रवर्धनको लागि आर्थिक, सामाजिक रूपान्तरणको लागि विदेशमा रहेका गैरआवासीय नेपालीहरूको ज्ञान, पुँजी र सीपलाई उपयोग गर्ने तर्फ त्यति ध्यान दिएको देखिँदैन। छिमेकी राष्ट्र भारत र चीनसँग सीमासम्बन्धी विषयमा बैठक बस्ने कुरो गरेको छ। तर बैठकले सीमा विभागको विषयमा कति पहल गर्यौं भन्ने विषय चाहिँ मौन नै रहेको देखिन्छ।

यस्तै सम्माननीय अध्यक्ष महोदय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयतर्फ आफ्ना केही भनाइ राख्न चाहन्छु। मन्त्रालयले यस वर्ष नारा बिनाको स्वास्थ्य कार्यक्रम अघि सारेको छ। चालु आ. व. मा आर्थिक वर्षमा गुणस्तरीय स्वास्थ्य उपचार जनताको अधिकार भन्ने नारा तय गरेर कार्यक्रम अघि सारेको थियो। पुराना कार्यक्रमहरूलाई नै निरन्तरता दिने प्रयास आगामी वर्षको कार्यक्रमले गरेको देखिन्छ। केही नयाँ कार्यक्रम र थपमा गजेन्द्र नारायण सिंह अस्पतालको क्षमता विकास गरी ५०० शैय्याको स्तरोन्नति गर्ने भनिएको छ। काठमाडौं विश्वविद्यालयमा सीता दाहाल मेमोरियल कलेज अफ नेचुरोथेरापी एण्ड योगिक साइन्स कलेजको स्थापना र पूर्वाधार निर्माण गर्ने भनिएको छ। हरेक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गर्ने भनिएको छ। सिकल सेल एनिमिया उपचार केन्द्रको रूपमा विकास गर्ने कुरा राखेको छ। अपाङ्गता, अटिजम, बौद्धिक तथा शारीरिक अपाङ्गता भएका बालबालिकाको समस्या पहिचान गर्न मनोवैज्ञानिकता बुझ्न र उपचारको लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्ने कुरो भनिएको छ। तर यसमा नभएको बच्चा जन्मिनु र गर्भमा रहँदा नै उसको स्वास्थ्य परीक्षण गर्ने कुरो राखेको देखिँदैन।

र कोभिड-१९ सङ्क्रमणको कुरामा कमी अथवा यो विषयलाई अलि कमजोरको रूपमा, कमजोरीको रूपमा लिएको छ। नियन्त्रण, उपचार डेङ्गुको बारेमा प्राथमिकता दिनुपर्ने यो विषय छुटेको छ। स्वास्थ्य बिमा प्रभावकारीको विषयमा चाहिँ प्रभावकारिता बनाउने कुरोमा परम्परालाई नै दोह्रोर्याउने कुरा भएको छ। यसलाई विशेष प्रभावकारिता बनाउने कुरा रहेको छैन। जनसङ्ख्यालाई सन्तुलन गर्ने, स्वास्थ्य उपचार बहुजनसाङ्ख्यिक जनताले सेवा प्राप्त गरी सञ्चालन प्राथमिकता दिने कुरा पनि देखिँदैन। आगामी वर्षमा सम्पन्न गर्ने १०० वटा अस्पताल स्वास्थ्य उपकरणहरू खरिद गर्ने गर्नको लागि बयालिस करोड रकम चालु आर्थिक वर्षमा गरेको

थियो। यो के भयो? अलिकति समीक्षा पनि गर्नुपर्छ भन्ने मलाई लाग्छ। विर अस्पताल, पाटन अस्पताल, वीपी अस्पताल र चितवनको क्यान्सर अस्पताल लगायतका अस्पतालहरूमा स्वास्थ्य प्रविधिहरू चार सय त्रिपन्नवटा भन्दा बढी चाहिँ प्रयोगविहीन अवस्थामा छन्। बिग्रिएका छन् भन्ने कुरा बाहिर उजागर भइरहेको छ। सरकारले हरेक वर्ष प्रविधिहरू खरिद गर्छ। त त्यो सामग्रीहरू उपयोगविहीन हुन्छन्। यसतर्फ ध्यान जान सकेको देखिँदैन। किड्नीका बिरामी, डायलाइसिसको लागि विर अस्पतालमा मात्रै दैनिक २०० भन्दा बढी लाइनमा बसेका हुन्छन्। एकातिर प्रविधि थन्किने, बिग्रेर बस्ने, त्यसलाई मर्मत नगर्ने, अर्कोतर्फ सरकारले हरेक वर्ष राज्यको ढुकुटीलाई चाहिँ रित्याएर मेसिनहरू खरिद गर्दा यो हामीले के गर्न खोजिरहेका छौं? यो कतै कमिसनको खेल त होइन? भन्ने पनि लागिरहेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बजेट विनियोजन परम्परा धान्ने खाले नै देखिन्छ फेरि पनि। घट्दो जन्मदर नियन्त्रण गर्ने, आमा र बच्चाको पोषण उपचार, स्वास्थ्य उपचारको विषयमा पनि ख्याल गरेको देखिँदैन। असल र स्वस्थ नागरिक जन्माउन आमाको गर्भ अवस्थामा स्वास्थ्य पोषणको व्यवस्था, आमा र बच्चाको गर्भ अवस्थामा परीक्षण गर्ने विषयमा पनि यो मन्त्रालयको ध्यान जान सकेको छैन। विकास समिति ऐन, २०१३ को दफा प्रयोग गरी गठन आदेशबाट स्थापना भएका अस्पतालहरूलाई ऐनमार्फत व्यवस्थित गर्न खोजेको पनि आगामी वर्ष २०८१।०८२ मा को कार्यक्रममा देखिँदैन।

सम्माननीय अध्यक्ष महोदय, खानेपानी तथा सफाइ मन्त्रालयतर्फ सरसफाइ मन्त्रालयतर्फ केही आफ्ना विचार राख्न चाहन्छु। यो सरकारले सन् २०३० सम्म स्वच्छ खानेपानी सबै नेपाली जनताको पहुँच पुर्याउने भनी लक्ष्य निर्धारण गर्दै "एक घर एक धारा" भनेर नारा अगाडि सारेको छ। जनता अहिले स्वच्छ खानेपानी पाइरहेका छैनन्। तर सरकार २०३० को योजना चाहिँ बनाइरहेको छ। आगामी आर्थिक वर्षमा खानेपानी तथा सरसफाइ सेवा थप व्यवस्थित गर्ने भनिरहेको छ। स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन गर्ने योजना पनि देखिन्छ। सहरी क्षेत्रमा सहरी खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने भनिएको छ। खानेपानी सेवा विस्तार पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्ने पनि भनेको छ। एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छ। मेलम्ची खानेपानी आयोजना, काठमाडौं उपत्यका खानेपानी, ढल प्रशोधन केन्द्र विभिन्न नामबाट आयोजना सञ्चालित छन्। सरकार हरेक वर्ष थोरधेर बजेट पनि विनियोजन गर्छ। तर जनताले स्वच्छ खानेपानीबाट बञ्चित नै छन्। सबैले पाउन सकिरहेका छैनन्।

(१४:११ बजे) **पीठासीनः-माननीय उपाध्यक्ष्य श्री बिमला घिमिरे ।**

<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-वातावरणीय परिवर्तन र प्राकृतिक विपत्तिको जोखिमले पनि समस्या सिर्जना गरेको छ। वर्षाको पानी सङ्कलन पुनर्भरणको योजनाहरूदेखि नै यो मन्त्रालयको तराई मधेसको क्षेत्रमा थोक वितरणको प्रणालीमार्फत खानेपानी व्यवस्था गर्ने भनिएको छ। यो थोक भनेको पनि मैले बुझ्न सकिनँ। के भन्न खोजिएको हो। डिप ट्युबवेल जडान गरी खानेपानी उपलब्ध गराउने नीति अनुरूप विनियोजन गरिएको छ। केही बजेट तर अधिकाङ्श कल र ट्युबवेलहरू सुकेका छन्। जमिनको तह तल तल गइरहेको छ। अलिकति अध्ययन अनुसन्धान नगरीकन यो चाहिँ वितरण गरेको देखिन्छ। आगामी वर्ष खानेपानीको सुविधा चार लाख पन्चान्नब्बे जनतालाई थप पाउने भन्ने लक्ष्य राखिएको छ। मेरो अनुरोध के हो भने सरकारले विभिन्न शीर्षकमा जुन बजेटहरू विनियोजन गर्न देखेको छ। त्यो राखेको छ। कम्तीमा तराई मधेस अथवा प्राकृतिक विपद् मा परेका क्षेत्रहरूमा चाहिँ जनतालाई कसरी पानी खुवाउने व्यवस्था चाहिँ गर्न सकिन्छ? त्यसतर्फ सोच्न म आग्रह र अनुरोध गर्न चाहन्छु। यस मन्त्रालयले पनि धेरै नयाँ कार्यक्रम ल्याएको देखिएको छैन। र प्राकृतिक विपद् र जोखिमलाई कम गर्नको निम्ति अथवा त्यो परेका जनताहरूलाई कसरी खाने पानी दिलाउने भन्ने कुरामा सोच्न आवश्यक छ भन्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयतर्फ आफ्ना केही भनाइ राख्न चाहन्छु। सरकार गत वर्षको योजनाबाट पछि हटेको छ। दुई वर्षभित्र सत प्रतिशत जनतामा विद्युतको पहुँच पुर्याउने जलविद्युत, सौर्य, वायु जस्ता नवीकरणीय ऊर्जा प्रविधिका माध्यमले विद्युत वृद्धि गर्ने र यातायात इन्धनलाई घटाउने भनेको थियो। तराईं मधेसमा भूमिगत जलसिँचाइ कार्यक्रममार्फत स्यालो तथा डिप ट्युवेल सिँचाइ सुविधामा विस्तार गर्ने, थप ४५० डिप बोरिङ्गहरू चाहिँ जडान गर्नको लागि तीन अर्ब पैंतालिस करोड रकम विनियोजन गरेको छ। जसबाट पन्ध्र हजार हेक्टर जमिन चाहिँ सिँचाइ गर्ने लक्ष्य राम्रो भएपनि खर्चिलो हुने र कार्यान्वयन नहुने आशङ्का चाहिँ व्यक्त आशङ्का भएको छ। जलस्रोतको संरक्षण दिगो तथा बहुआयामिक उपयोग गर्न तालतलैया, पोखरी नदीको संरक्षण, जलाशययुक्त आयोजना निर्माण, पुनर्स्थापना, पुनर्सञ्चालन गर्ने भनिएता पनि व्यवहारमा कार्यान्वयन हुन सक्दैन कि भन्ने चिन्ता लागेको छ।

वैकल्पिक ऊर्जा प्रर्वधनमार्फत स्वच्छ विकास सीडीएममा दर्ता भएका पुराना जलविद्युत र सुधारिएको पानी घट्ट आयोजना पुनर्निमाण तथा सुदृढीकरण गर्ने भनिएको छ। कुन ठाउँमा कतिवटा गर्ने लक्ष्य लिएको स्पष्ट छैन। साना र लघु जलविद्युत आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गरी बजेट विनियोजन गरिएको छ। राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा उत्पादन, खानेपानी सिँचाइ पम्प जडान, बायो ग्यास प्लान्ट जडान, घरायसी खाना पकाउने बायो ग्यास, विद्युत चुल्हो, विद्युतीय चुल्हो, हरित ग्यास उत्सर्जन न्यूनीकरण जस्ता कार्यक्रमले निरन्तरता पाउन सकेका छैनन्। उदाहरणको रूपमा क्यान्टिनलाई सिंहदरवार भित्रको क्यान्टिनलाई एकदमै यो चाहिँ चुल्हो, विद्युतीय चुल्होलाई चाहिँ स्थापित गर्ने भनेका थियौं, त्यो अहिलेसम्म कार्यान्वयन हुन सकेको छैन। नेपाल सरकारले विद्युतदशक भनी कार्ययोजना बनाउँदै छ। कार्ययोजनाका लागि मात्रै अन्ठाउन्न लाख रुपैयाँ छुट्टाएको छ। यो रकम कार्ययोजनाको लागि मात्रै बढी भएन भन्ने मलाई लागेको छ। मन्त्रालयले विभिन्न विद्युत आयोजनाहरूको बजेट विनियोजन गरेको देखिन्छ। आगामी आर्थिक वर्षमा चाहिँ कतिवटा योजना पूरा हुन्छन? विद्युत चुहावट रोक्ने के योजना छ सरकारसँग? त्यो कुरा म जानकारी लिन चाहन्छु। देशको आर्थिक विकास र समृद्धिसँग जोडिएर रहेको यो मन्त्रालय राष्ट्रको लागि महत्त्वपूर्ण योगदान दिन सक्दछ। कृषियोग्य जमिनमा सिँचाइ र परम्परागत सिँचाइ प्रणालीको उचित ..... गर्दै ठुला सिँचाइ आयोजनाको निर्माण, भूमिगत जलस्रोतको उपयोग र लिफ्टबाट नयाँ प्राविधिमा, नयाँ प्रविधिहरूबाट पनि सिँचाइ गर्न सकिन्छ। देशको भूगोल अनुसारको योजना बनाउन आवश्यक छ भन्ने मलाई लागेको छ। विद्युत र सिँचाइ एक अर्कामा नङ र मासु जत्तिकै सम्बन्धित छन्। मानव जीवनको लागि पनि उत्तिकै आवश्यक छ। ऊर्जाजन्य जलविद्युत सिँचाइ जन्य खानेपानी आवश्यक हुँदा हुँदै पनि जलमापन मौसमका कुराहरूले गर्दा अहिले यो भूक्षय, बाढी, पहिरो, नदीको धारहरू परिवर्तनले ठुलो जनसङ्ख्याले यो पीडा भोगिरहेको छ। धनजनको ठुलो क्षति भइरहेको छ। यसतर्फ सरकारको ध्यान जान सकिरहेको छैन। र यसमा केही योजना पनि देखिँदैन। विद्युत चाहिँ विदेशमा बिक्री गर्ने कुरो गरेका थियौं। आफ्नै देशका जनताले सबै ठाउँमा विद्युत प्राप्त गर्न सकिरहेका छैनन्। कसरी सरकारले अर्को देशका लागि अथवा हामीले गरेको सम्झौता अनुरूप त्यो विद्युत पूरा गर्न सक्छौं? अर्थ मन्त्रालयले जुन बजेट विनियोजन गरेको छ अलि न्यायपूर्ण भएन भन्ने कुरो उठेको छ। र यसमा सम्बन्धित सरोकारवाला मन्त्रालयले र मन्त्रीज्यूहरूको पहलकदमी पुगेन कि भन्ने लाग्छ। अरू कारण त सायद होइन होला। यो न्यायपूर्ण भएन। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भावना र मर्मअनुरूप पनि यो बजेट विनियोजन गरिएको छैन र सयवटा पालिकामा योजनाहरू ल्याएको छ। यसलाई पनि पूरा गर्न सक्छ भन्ने कुरा आशङ्का चाहिँ रहेको छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय २० मिनेट। यसपछि माननीय सदस्य पुजा चौधरी।

(१४:१७ बजे)**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी २०८१।०८२ को मन्त्रालयगतको छलफलमा छौं। र आज तोकिएको मन्त्रालयको विषयमा मैले सङ्क्षेपमा आफ्नो कुराहरू राख्न चाहन्छु। सबैभन्दा पहिले स्वास्थ्य मन्त्रालयको विषयमा स्वास्थ्य मन्त्रालयमा सँग सम्बन्धित स्वयंसेविकाहरू आज वडैपिच्छे स्वयंसेविका हुनुहुन्छ। लामो समय स्वास्थ्यकर्मीले जस्तै शिक्षकहरूले जस्तै उहाँहरूले जनताको सेवा गरिरहनु भएको छ। बेला मौकामा उहाँहरूलाई तालिमबाहेक सरकारको तर्फबाट हेर्ने कुनै योजना हामीले बनाउन सकेनौं। आज हाम्रा शिशुहरूको निम्ति आज हाम्रा आमाहरूको निम्ति उहाँहरू खटिइरहनु भएको छ भने उहाँहरू कर्मचारीहरूको रूपमा व्यवस्थापन गर्न त सक्दैनौं तर तपाईंले काम गर्नु भयो लामो समय राज्यलाई सहयोग गर्नुभयो तपाईं जाने बेलामा तपाईंलाई हामीले केही दिन्छौं भनेर उपदान दिने केही रकम उहाँहरूलाई व्यवस्था गर्ने पुरस्कृत गर्ने योजना हाम्रो स्वास्थ्य मन्त्रालयले ल्याउँदा मिल्दैन? म माग गर्न चाहन्छु सरकारसँग। उहाँहरूले लामो समय काम गरे बापत उहाँहरू बुढो भएर साठी वर्ष पुगेर अब गाउँमा काम गर्न हिड्न नसक्ने भएको बेलामा उहाँलाई थोरै भएपनि सम्मान गर्नको निम्ति एकमुष्ठ रूपमा उपदानको रूपमा उहाँहरूलाई केही व्यवस्था गरियोस्, यो मेरो सरकारसँग स्वास्थ्य मन्त्रालयसँग जोड्दार माग गर्न चाहन्छु।

दोस्रो कुरा अहिले हामी यो हाम्रो खानपान, रहनसहन, औषधिउपचार सबै हेर्दा हाम्रो औषधि उपचारहरू असाध्यै महँगो भएका छन्। हाम्रो यो औषधि उपचार जो कोही मान्छेले गर्न सक्ने अवस्था भएको छैन। चाहे अप्रेसन गर्न परोस्, चाहे औषधि खान परोस्, सामान्य आम्दानी हुने मान्छेले उपचार गर्न नसक्ने भएको छ। यदि हामीले स्वास्थ्यमा सुधार गर्न सकेनौं भने धनी मान्छेहरूको लागि मात्रै त्यो हस्पिटलहरू काम लाग्नेछ। गरिबहरूको लागि लाग्ने छैन। पाँच लाख भन्दा मुनिबाट बिरामीलाई डिस्चार्ज गरेर घर लान सकिंदैन भनेर मान्छेले घरमै राख्न थालेको छ। यसले गर्दा समग्र स्वास्थ्य क्षेत्रमा कसरी आम नागरिकहरूको पहुँच पुर्याउन सकिन्छ? बिमाको कुरा गर्नुभएको होला। बिमाले मात्र पुग्दैन। एक लाखको हामीले बिमा गरेका छौं। सामान्यत पाँच लाख घटी मान्छे हस्पिटलको बेडबाट बाहिर निस्कन सक्दैन। अहिलेको उपचार महँगो भयो। त्यसैले गर्दा यो स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन गर्नुपर्छ। आम

नागरिकहरूलाई पहुँच पुर्याउने गरी योजना आउनुपर्छ। यस्तो टालटुले योजनाले जनताले राहत पाउन सक्दैनन्। र तेस्रो कुरा अहिले मान्छेहरू आयुर्वेदिक हस्पिटलमा पनि त्यत्तिकै आकर्षण बढेको छ भने आयुर्वेदिक खानाहरू खानेकुरा अर्गानिक खाने खानेकुरा आयुर्वेदिक औषधि प्रणालीमा जाने कुरा माननीयहरूले योगको कुरा उठाउनु भएको छ। यो सबै कुरालाई जोड्दा नेपालीको जीवनशैली राम्रो हुन्छ भने सरकारले किन यसमा पहल नगर्ने? हामी यसमा पहल गरौं र नेपाली जनताको जीवनशैलीलाई सजिलो बनाउनको निम्ति यो प्रयत्न गरौं। जुन कुरा अहिलेको बजेटमा छैन। त्यसो भएकोले म ध्यानाकर्षण गराउन चाहेको हुँ। यो कुराहरूमा सरकारले व्यवस्थापन गरोस् राखोस् भन्न चाहन्छु।

दोस्रो कुरा खानेपानीको कुरा हामी महिलाहरू सधैं खानेपानीको समस्या महिलालाई हुन्छ भन्ने ठान्थ्यौं। पानी टाढाबाट बोकेर ल्याउने महिलाहरू नै हुनुहुन्थ्यो। यसपालिको खडेरीमा त मैले पुरुष माननीयहरूले पनि बोलेको सुनें। प्रतिनिधि सभामा, राष्ट्रिय सभामा पानी दुःख भयो, खान छैन भनेर बोल्नु भयो। हाम्रो दीर्घकालीन योजना किन बन्दैन? हाम्रो सरकारले ल्याएको योजना के यो कलहरू चाहिँ गाड्ने भन्नु भाछ। त्यो चाहिँ जुन कलहरू ट्युबहरू गाडिन्छ ट्युबवेलबाट। एक त त्यो हामी जमिनमाथिको पानी तान्दैछौं। त्यो पानी खानको लागि योग्य छैन। अर्को कुरो खडेरी परेपछि त्यो पानी सुक्छ। त्यसो भएर त्यस्तो काममा हामी किन खर्च गर्छौं? फजुल खर्च हामी किन गर्छौं? हामीले डिप बोरिङ गरौं। १५०/१६०/१७० मिटर गहिरो चाहिँ खनेर जब हामीले पानी निकाल्छौं त्यो पानी सम्म ठाउँमा चाहिँ हामीले ठुलो टयाङ्की हाइटी टयाङ्की बनाउँ। माथि टयाङ्की बनाएपछि सबैलाई पानी पुग्छ। डाडाँकाडाँमा हामीले चाहिँ मोटरबाट माथि डाडाँमा टयाङ्की बनाएर पानी फालिदिउँ। डाडाँका मान्छे ओरालो पानी झर्छ। सबै सबै मान्छेलाई हामीले पानी खुवाउन सक्छौं। पहाडमा हामीसँग खोलानाला छ। तराईमा हामीसँग समतल जमिनहरू छ। हाम्रो टेक्नोलोजी हाम्रो काम गर्ने तरिका गलत हामीले ध्यान पुर्याउन नसकेको कारणले आज जनतालाई अहिले पनि पानी खुवाउन सकेका छैनौं।

दिगो लक्ष्य हामी २०३० सम्म घरघरै पानि जनतालाई “एक घर एक धारा” पानी पुर्याउने जुन लक्ष्य छ। यसका लागि हाम्रो योजना राम्रो बन्नुपर्छ, बलियो बन्नुपर्छ। एउटा बोरिङ खन्दाखेरि बाह्र लाख खर्च हुन्छ। तीनवटा बोरिङ गाड्यो भने झण्डै पाँच हजार जनसङ्ख्यालाई पानी खुवाउन सकिन्छ। हजार हजारको लाख लाखको टयाङ्कीहरू बनाइदियो भने जत्ति पनि हामीले खुवाउन सक्छौं। यो काम हामीले किन नलिएको। यस्तो काम हामीले किन नगरेको? यस्तो यो झारा टार्ने काम चित्त बुझाउने कार्यक्रमले चाहिँ जनताको जीवनमा परिवर्तन गर्न सकिदैंन। सँगसँगै जहाँ पानी प्रशस्त छ त्यो ठाउँमा चाहिँ हामीले पिउने पानी चाहिँ बिक्री गर्ने

योजना पनि बनाउनु पर्छ। मैले यसो किन भनेको भने उपभोक्ता समितिले त्यो संस्थालाई धान्न मुस्किल पर्छ। उसले विजुलीको महसुल तिर्नुपर्छ। बिग्रेको बेलामा बनाउनुपर्छ। कर्मचारीको तलब दिनुपर्छ। यो सबै काम गर्नको निम्ति उसँग आम्दानी हुनुपर्छ। आम्दानीको निम्ति हामीले योजना गर्दा पानी भएको ठाउँमा शुद्ध पानी बिक्री गर्ने गरी योजना बनायौं भने बिक्री गरेको पानीबाट हामी त्यो संस्था चलाउन सक्छौं। यो सँगसँगै जोडेर लैजाँदाखेरि हामीले जनतालाई पानी पनि खुवाउन सक्छौं। आत्मनिर्भर पनि हुनसक्छौं। यो अहिलेको बजेटले अहिलेको योजनाले यसरी ध्यान दिएको मैले देख्दिनँ। मैले त्यसो मनगढन्ते कुरामा भनेको होइन। तीन चार वर्ष अघि हामी पनि लाइन लाएर ९:०० बजेसम्म बस्थ्यौं ६:०० बजेसम्म एक गाग्री पानी थाप्न आज हाम्रो गाउँमा हामीले त्यो काम गर्यौं। र हामी सफल भएका छौं त्यसैले मैले यहाँहरूको बिचमा राखेको हुँ। यति कुरा भन्न चाहन्छु।

अर्को कुरा हाम्रो सिँचाइको विषय उठेको छ। र सिँचाइको कुरा पनि बेसी म कालीगण्डकी क्षेत्रकै मान्छे पाल्पाको भएको हिसाबले कालीगण्डकीमा हाम्रो पानी बगेको छ। मिर्मिमा हामीले बाँध बाध्यौं। बत्ती निकाल्यौं तर पनि अझै त्यो भन्दा तल बगेको पानीले हामीले स्याङ्जा, पाल्पा, तनहुँ धेरै पटक भनेको छु। हामीले सिँचाइ गर्न सक्छौं। हाम्रा सम्म फाँटहरू छन्। वारीपारी बाँध बाँधेर हाम्रा केही जमिनहरूलाई सिँचाइ गरौं। हामी त्यहाँका जनतालाई आत्मनिर्भर बनाउन सक्छौं। त्यही पानीबाट, त्यही खेतीबाट, त्यही प्रविधिबाट हामीले खाएर काठमाडौंको यो जनसङ्ख्यालाई पाल्न सक्ने फाँट हामीसँग छ। त्यो फाँटमा हाम्रो एकीकृत योजना भयो भने त्यो चाहिँ हाम्रो गण्डकी बेसी फाँट, आत्मनिर्भर फाँट सरकारले योजना ल्याउनुहोस् न, कति राम्रो हुन्छ होला। त्यहाँका जनता कति खुसी हुन्छन् होला। यसरी सोचौं। त्यसरी काम गरौं। यसरी काम गर्दा मैले एक पटक मात्र होइन पटकपटक भनेको छु। मैले जहिलेसम्म पनि यो कुरा लागू हुँदैन तहिलेसम्म भनिरहनेछु। त्यसो भएर सरकारले ध्यान दिनुपर्यो। जनताको पक्षमा निर्णय गर्नुपर्यो। र हामीले जनतालाई आत्मनिर्भर बनाउनु पर्यो भन्ने मेरो कुरा हो।

र अर्को कुरा अर्थमन्त्रालयसँग पनि सम्बन्धित कुराहरू छ। आज हामी अर्थमन्त्रालयले ल्याएको बजेटको विषयमा पनि छलफल गरिरहेका छौं। एउटा कुरामा म अर्थमन्त्रीलाई जस दिन चाहन्छु। धन्यवाद दिन चाहन्छु। हामीले धेरै पटक हामीले राष्ट्रिय सभाको पनि गरिमा बढाउनु पर्छ। राष्ट्रिय सभाको माननीयहरूले पनि योजनाको काम अलि अलि जोडिनु पर्छ। जनताले हामीसँग अपेक्षा गरेका छन् हामीले भन्यौं। यसपटक उहाँले सम्बोधन गर्ने प्रयास गर्नुभयो। दिएका योजनाहरूलाई सम्बोधन गर्ने प्रयास गर्नुभयो। त्यसैले गर्दाले उहाँले लचिलो

हिसाबले काम गर्नु भयो भन्ने नै मलाई लाग्छ। त्यस भएर यो चाहिँ परम्परा कायम रहोस्। अर्थमन्त्रीले ल्याएको योजना पास हुने बेलासम्म अर्कै अर्थमन्त्री आउन पनि सक्छ। हाम्रो देशको स्थिति, राजनीतिक स्थिति त यस्तो छ नि। जो भएपनि यो चाहिँ जुन अर्थमन्त्रीले अहिले ल्याउनु भयो। यसलाई कायम गर्नुपर्छ र भोलि हामी रहौँला या नरहौँला यो सभाको हैसियत सधैँ उच्च हुनुपर्छ, गरिमामय हुनुपर्छ, कायम हुनुपर्छ भन्ने मेरो कुरा हो।

र अर्को कुरा हाम्रो संस्कृति पर्यटनको विषयमा कुरा राख्न चाहन्छु। हामीले नीति कार्यक्रममा भनेका छौँ। पूर्वदेखि पश्चिमसम्म, विरगञ्जदेखि मुक्तिनाथसम्म, विभिन्न चाहिँ धार्मिकस्थलहरू जोड्ने गरी हामीले पर्यटनको हामीले यातायातको विकास गर्ने भनेका छौँ। हाम्रो विरगञ्जदेखि मुक्तिनाथसम्म जोड्दाखेरिमा कालीगण्डकी करिडोर त्यहाँ बिचमा पर्ने मुक्तिनाथसम्मको त्यहाँका चाहिँ हाम्रो स्वर्गद्वारी छ। त्यस्तै गरी हाम्रो रानीमहल छ। हाम्रो हरेक कुराहरू छ। यो सबै सम्पदालाई हेर्ने गरी ठाउँठाउँमा मान्छेहरू बास बस्ने गरी त्यहाँ चाहिँ पार्कहरू बनाउन सकेनौँ। मान्छेहरू बसाउन सकेनौँ। हाम्रा मठ मन्दिरहरू देखाउन सकेनौँ भने। गाडी चढेर मान्छे आउँदा जाँदैमा त्यहाँको जनताको आत्मनिर्भरता बढ्छ? आम्दानी हुन्छ? हुँदैन। त्यसभएको हुनाले पूर्वाधार चाहिन्छ। संस्कृति विकास गर्दा हाम्रो पूर्वाधार चाहिन्छ। हाम्रा कालीगण्डकीका ढुङ्गा शालीग्राम खेलाएर पनि मान्छेले दिन बिताउँछन्। साँझ त्यहाँ बास बस्छन्। जनताको घरमा खान्छन्। यसरी पो जनताको आम्दानी हुन्छ त। त्यसो भएको हुनाले यो जुन यातायातको कुरा छ। जोड्ने कुरा छ। हाम्रो लुम्बिनी प्रदेशको विशेषगरी लुम्बिनी प्रदेश र पाल्पा सबै जोडिने भएको हुनाले यो खालको सोचका साथ हाम्रो त्यो मुक्तिनाथसम्मको यात्रालाई, संस्कृतिलाई, पर्यटनलाई, जोड्नु पर्छ भन्ने मेरो अनुरोध हो।

र अर्को कुरा चाहिँ हामीले कुरा गरिरहँदा, यहाँ छलफल भइरहँदा योजनाका कुराहरूमा हामीले योजनामा यसपालि धेरै योजनाहरू काम गर्छौं भनेर हामी आइरहेका छौँ। र हाम्रो देशको अवस्था हेर्दा हामीले के सोचिरहेका छौँ? हाम्रो देश कता गइराखेको छ? सरकार परिवर्तन होस् या नहोस् हामीलाई कुनै स्वार्थ छैन। तपाईंहरू नेता हुने मन्त्री हुनेहरूलाई स्वार्थ होला। तर यो देशमा जति बेला भ्रष्टाचारीहरू समाउन थाल्छन् त्यतिबेला चाहिँ मान्छेहरू मिल्न थाल्छन्। किन यस्तो हुन्छ? संरक्षण लिन त होला नि? अरू के का लागि हुँदैछ? यसो भएको हुनाले नेपाली जनता देश र जनताको निम्ति काम गर्ने हो, मुक्तिको निम्ति काम गर्ने हो, त्यसो भएको हुनाले यो देशको जनताको सर्वोत्तम हितमा नै सोच्नुपर्दछ। लोभी स्वार्थीहरू एकछिनको लागि मात्रै हुनेछ। यसो भनेर धेरै कुराहरू नभनीकन म आफ्नो भनाइलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य पुजा चौधरी। समय ८ मिनेट। त्यसपछि माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:३० बजे)**माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, आजको यस विनियोजन विधेयकमाथि छलफल गर्नुभन्दा पहिले रोल्पाको घर्तीगाउँबाट तालाबाङ्ग जाँदै गरेको लु. १ ज ३२५२ नम्बर को फोर्स जीप घर्तीगाउँ-तालाबाङ सडकखण्ड अन्तर्गत पर्ने परेवा छहरा नजिक सडकभन्दा ४०० मिटर तल खसेर ज्यान गुमाउनु हुने चार महिला, दुई पुरुष र एक बालक प्रति म जनता समाजवादी पार्टी, नेपाल र मेरो तर्फबाट हार्दिक समवेदना प्रकट गर्न चाहन्छु। यसपालिको बजेट हेर्दा संविधानमा व्यवस्था भएको अधिकारको सूची बमोजिम सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहबाट मानव संशाधन र भौतिक पूर्वाधार निकासको नीति लिएको देखिँदैन। सरकारले आगामी आर्थिक वर्षका लागि काम भइराखेको र निर्माणको अन्तिम चरणमा रहेका आयोजनाका लागि न्यून बजेट विनियोजन गरेको देखिन्छ। जसले गर्दा समयमै ठेक्का व्यवस्थापन गर्न समस्या हुने गरेको आयोजनाहरूले जनाएका छन्।

उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा सतासी अर्ब छपन्न करोड बजेट विनियोजन भएको कुरा सर्वविदितै छ। हाम्रो देश नेपाल जलस्रोतको धनी मानिए पनि यहाँ जल तथा प्राकृतिक स्रोतको दिगो उपयोग र ऊर्जा विकासमा प्राथमिकता दिन सकिरहेको छैन। उत्पादनको केन्द्र तथा औद्योगिक क्षेत्रहरूमा चौविसै घण्टा गुणस्तरीय विद्युत् उपलब्ध गराउने जलाशययुक्त आयोजनाहरूको विकासमा जोड दिनुपर्ने, आन्तरिक खपतभन्दा अधिक रहेको विद्युत् निर्यातको लागि छिमेकी मुलुकहरूसँग द्विपक्षीय, बहुपक्षीय संवाद अगाडि बढाउन जरुरी देखिन्छ। त्यस्तै मधेस प्रदेशलाई अन्नको भण्डार पनि भनिन्छ। ६२% जनसङ्ख्या कृषिमा आबद्ध छन्। तर सिँचाइका अभावका कारण समयमा खेति गर्न नसक्नुको कारणले गर्दा अरू मुलुकबाट खाद्यान्न निर्यात गर्नुपर्ने अवस्था छ। त्यसैले सिँचाइ पुर्याउन नसकेका खेतीयोग्य भूमिमा नदी डाइभर्सन तथा भूमिगत र लिफ्ट सिँचाइको माध्यमबाट दिगो सिँचाइ सुविधा पुर्याउन जरुरी देखिन्छ।

विकासको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकोले श्रम संस्कृतिलाई प्रोत्साहित गरेको देखिएता पनि २०८१ को सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा हेर्दा हाल सञ्चालनमा रहेका सातवटा उद्योग नोक्सानमा रहेको देखिन्छ। नेपाल सरकारको दुग्ध विकास संस्थान जसलाई हामी डीडीसी पनि भन्छौं। डीडीसीको नोक्सान अठ्चालिस करोड बाउन्न लाख, उदयपुर सिमेन्ट उद्योगको नोक्सानी छत्तीस करोड उनन्तिस

लाख, हेटौडा सिमेन्ट उद्योगको घाटा पच्चिस करोड उनान्चास लाख, नेपाल ओरिण्ड एण्ड म्याग्नेसाइटको नोक्सानी सोह्र करोड उनन्साठी लाख, नेपाल औषधि लिमिटेडको नोक्सानी पन्ध्र करोड पचपन्न लाख, बुटवल धागो कारखानको नोक्सानी तीन करोड चौवालिस लाख, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीको नोक्सानी दुई करोड चौरासी लाख देखिएको छ।

यस्तो अवस्थामा अर्थमन्त्रालयद्वारा बिना शीर्षकको बजेट विनियोजन के उपयुक्त छ त? त्यस्तै सरकारले स्वास्थ्यतर्फ आर्थिक वर्ष २०८१।०८२ को लागि छयासी अर्ब चौबिस करोड रुपैयाँ बजेट विनियोजन भएको छ। स्वास्थ्य क्षेत्रको महत्त्व तथा संवेदनशीलतालाई मध्यनजर गरी हाल देशको कुल बजेटको केबल ४.६४% हिस्सा छुट्याइएको देखिन्छ। जुन गत वर्षहरूकै तुलनामा पनि निकै न्यून छ। अङ्कमा आर्थिक चालु वर्षको तुलनामा बजेट दुई अर्ब पच्चिस करोड रुपैयाँले बढेको देखिए पनि कुल बजेटको तुलनामा यो न्यून हो। स्वास्थ्य क्षेत्रको सुधारको लागि कुल बजेटको कम्तीमा १०% हिस्सा छुट्याउनु पर्ने भए पनि सरकारले हरेक वर्ष स्वास्थ्य क्षेत्रमा कुल बजेटको तुलनामा हिस्सा घटाउँदै लगेको देखिन्छ। सरकारले यस वर्ष स्वास्थ्य क्षेत्रमा पुराना कार्यक्रमलाई नै निरन्तरता दिएको देखिन्छ। यो वर्ष स्वास्थ्यमा काठमाडौं विश्वविद्यालयमा सीता दाहाल मेमोरियल कलेज अफ नेचुरोप्याथी एण्ड योगिक साइन्स कलेज स्थापना र पूर्वाधार निर्माण गर्ने बाहेक अन्य पूर्वाधार निर्माणको योजनाको घोषणा गरिएको छैन। साथै मधेस प्रदेशमा चुरे दोहनको कारणले गर्दा पानीको जुन हाहाकार छ। त्यतातिर पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान जाओस् भन्न चाहन्छु। पहिले बिस पच्चिस फिटमै पानीको स्रोत भेटिन्थ्यो तर आजकाल सय एकसय पचास फिट तल जाँदा पनि पानीको स्रोत नभेटिएका कारणले गर्दा अझपनि चुरे दोहनमा अथवा चुरेको संरक्षण नगर्ने हो भने चुरे भावर मरुभूमिमा परिणत हुन समय लाग्दैन। त्यसैले यसलाई चाँडो भन्दा चाँडो रोक्न म अध्यक्षज्यूमार्फत सरकारलाई निवेदन गर्न चाहन्छु।

त्यस्तै नेपाललाई पर्यटकीय अन्तर्राष्ट्रिय गन्तव्यस्थलको रूपमा विकास गर्न विमानस्थल हिमाली लोकमार्ग पर्यटकीय क्षेत्रका होटल, ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी लगायतका सेवा प्रदायकको विकास तथा गुणस्तर व्यवस्थित गर्नेमा बजेट कम विनियोजन गरेको पाएँ। साथै वायु सेवा निगमको घाटा पैंसट्ठी करोड उनन्तिस लाख देख्दा म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। अन्तर्राष्ट्रिय सीमा सुरक्षा व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाउन सीमा सुरक्षामा स्थानीय नागरिकको सहभागितालाई बजेटमा लेखिएता पनि यो चुनौतीपूर्ण हुनेछ। नेपाली सेनालाई प्रविधियुक्त, दक्ष एवम् व्यावसायिक बनाउने र बङ्करदेखि व्यारेकसम्मको कार्यक्रमलाई एक अर्ब पचास करोड रुपैयाँ विनियोजन गरिएको देखिन्छ।

विनाशकारी डढेलो, उष्णवायु आदि तुफान, चक्रवात, बाढी पहिरो, डुवान, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपद्बाट उत्पन्न समस्याको रोकथाम, उद्धार, राहत र पुनर्स्थापनाको लागि कुनै पनि ठोस नीति अपनाएको देखिएन। हरेक वर्ष वर्षायाममा मधेस प्रदेशका लाखौं जनजीवन डुबानमा परेर विस्थापित हुने गरेका छन्। जसले गर्दा गम्भीर रोगहरू पनि निम्तिने खतरा त्यत्तिकै बढिरहेको हुन्छ तर यसप्रति पनि सम्बन्धित निकायको कुनै पनि ध्यान गएको देखिँदैन। त्यसैले म यसमा पनि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यान जाओस् भन्न चाहन्छु। साथै ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घटना, बाढी पहिरो, प्राकृतिक प्रकोप जस्ता विपद्को बेला सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गर्न निवेदन गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय १० मिनेट। त्यसपछि माननीय सदस्य दुर्गा गुरुङ।

(१४:३७ बजे)**माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, नेपाली राजनीतिमा हिजो राती बाह्र बजे फेरि एउटा उथलपुथल हुने खालको चाहिँ घटना हाम्रो सामु आएको छ। चितुवा कराउनु र सिंगारी हराउनु भन्ने नेपालीमा एउटा आहान छ। अहिले ठिक नक्कली भुटानी शरणार्थी प्रकरणमा बेचन झाको गिरफ्तारी, गिरी बन्धु टी स्टेटको छानबिनको प्रकरण र सुशासनको क्षेत्रमा अघिल्लो गठबन्धन भनौं या पछिल्लो गठबन्धनमा सम्माननीय प्रधानमन्त्रीको हुटहुटीका कारण सबै प्रकरणमा जुन छानबिनका चाहिँ प्रक्रियाहरू, नटबोल्टहरू कसिंदै जाने प्रक्रियामा अहिले यो पछिल्लो परिघटना, यो समीकरण अहिले बदलिनु पर्ने त्यो पनि रातारात, बजेट प्रतिनिधि सभाबाट पास भएकै थियो। हामी यहाँ राष्ट्रिय सभामा छलफल गर्दै छौं। समीकरण ठिकै त चलिराखेको थियो। र यो रातारात परिस्थिति सृजना गर्नुपर्ने स्थिति किन बन्यो? भन्ने एउटा प्रश्न त जन्मेकै छ। यसको अर्थ हामी विधिको शासन र प्रतिस्पर्धाको राजनीतिमा छौं। हाम्रो पछिल्लो जनमतको आधारमा समीकरण अदलबदल भइराख्ने कुरालाई हामीले धेरै ठुलो अर्थ मानेका छैनौं। हामी सत्ता पक्ष कहिले प्रतिपक्षको बेन्चमा कहिले प्रतिपक्ष सत्ता पक्षको बेन्चमा। यो हुँदै जाने प्रक्रियालाई मैले एकदम अनौठो मान्न खोजेको होइन। तर यही बेलामा उपयुक्त कारण समीकरण बदल्नु चाहिँ के हामी आम जनताको मनमा जन्मेको यो question को उचित जवाफ दिन सक्छौं भन्ने चाहिँ एउटा संशय पैदा भएको छ।

र म आज यो सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूले मिति २०८१ साल जेठ १५ गते प्रस्तुत गर्नुभएको बजेट मन्त्रालयगत रूपमा यस सम्मानित सभामा हामी छलफलमा छौं। आज कार्यतालिकामा रहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग सम्बन्धित बजेटको बारेमा छलफलमा सहभागी हुँदै गर्दा यो म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग केन्द्रित भएर आफ्नो विषयवस्तु राख्ने अनुमति चाहन्छु। स्वास्थ्य, शिक्षा आमनागरिकको आवश्यकता हुन्। संविधानमा स्वास्थ्य र शिक्षालाई मौलिक हकको रूपमा राखेको छ। न्यूनतम आवश्यकताको दृष्टिबाट हेर्दा स्वास्थ्य आमनागरिकको पहुँचमा पुग्न सकेको छैन। हुनेका लागि स्वास्थ्य सहज, पहुँच छ। सक्नेले त प्राइभेट जुनसुकै ठाउँमा गएर पनि उपचार गर्न सक्छ। नसक्नेका लागि उपचार कहाँ गर्ने? जटिल रोग लागेका निरपेक्ष गरिबीको रेखामा रहेका विपन्न वर्ग मृत्यु पर्खेर बस्नुपर्ने अवस्थाको अझ अन्त्य भइसकेको छैन। आधारभूत विपन्न वर्गको पहुँचमा स्वास्थ्य सेवा पुर्‍याउन सरकारको आजको प्रमुख आवश्यकता हो। सरकार नसक्नेका लागि हुनुपर्छ भन्ने आजको मुख्य आवश्यकता पनि हो भन्ने कुरा राख्न चाहन्छु। म उपलब्धिका हिसाबले स्वास्थ्यको क्षेत्रमा अहिले हामीसँग दुई करोड एकान्नब्बे लाख चौसठ्ठी हजार पाँच सय अठहत्तर जनाको लागि जम्मा चौबिस हजार तीन सय उनान्सयवटा स्वास्थ्य संस्थाहरू र तिनमा सोह्र हजार पाँच सय एकचालिस वटा शैय्या रहेको कुरा गर्छौं। र अहिलेको स्वास्थ्यतर्फ छुट्टिएको बजेटले गम्भीर प्रकृतिका रोगका लागि बजेटको व्यवस्था पनि गरेको छ। र मातृ कार्यक्रमका लागि टोटल, मातृ तथा नवजात शिशु स्याहार कार्यक्रमको लागि तीन अर्ब छ करोड बजेट आएको छ। स्वास्थ्य बिमा कार्यक्रमको लागि रु. सात अर्ब पचास करोड बजेट आएको छ। र यसैगरी बजेटहरू आएका छन्। उपलब्धिका हिसाबले हिजोका तुलनामा आज स्वास्थ्यमा धेरै कार्यक्रमहरूले निरन्तरता पाएको छ। स्वास्थ्य बिमा कार्यक्रमले सानो तिनो रोग लागेका बिरामीहरूका लागि प्रभावकारी छ। मातृ शिशु मृत्यु दर र बाल मृत्यु दर घटाउने प्रयास सराहनीय छ। समस्याको दृष्टिकोणबाट फेरि पनि हेर्दा स्वास्थ्य संस्थाहरूबाट निःशुल्क दिने भनेको औषधि समयमा गाउँमा उपलब्ध हुँदैनन्। जुन औषधि अत्यावश्यक हुन्छ। त्यो औषधि स्वास्थ्य संस्थामा हुँदैनन्। स्वास्थ्य मन्त्रालय छ। विभाग छ। जिल्लामा स्वास्थ्य कार्यालयहरू छन्। पालिकामा केन्द्र छ। बजेट जान्छ। औषधिको टेन्डर हुन्छ। तर औषधि हुँदैन। पुग्दैन। किन? हामीले चाहिँ यो प्रश्नको हामीले हल गर्नुपर्ने छ। अहिले विनियोजित भएको बजेटले ठिक त्यतातिर ध्यान दिएर नियमन र कार्यान्वयनलाई चाहिँ जोड दिइयोस् भन्ने कुरा म राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, कर्णाली प्रदेश, देशको दुर्गम प्रदेश जहाँ रोग र भोकको समस्या छ। जहाँ सामान्य रोगको कारण मानिसहरूको अकालमा मृत्यु भइरहेको छ। हामी सबैले सुन्दै आएको कुरा वर्षौं झाडा पखालाबाट प्रदेशमा ठुलो हताहत हुने गरेको छ। यसपाली भूकम्पले कर्णालीलाई आक्रान्त बनाएको छ। त प्रदेशमा सबैभन्दा कम बजेट विनियोजन भएको छ। कहाँनिर जोड दिनुपर्ने र कहाँनिर ध्यान दिनुपर्ने भन्नेतर्फ गहिरिएर सोच्न पनि म ध्यानाकर्षण गराउन चाहन्छु। विनियोजित बजेटलाई सरसर्ति हेर्दा मधेस प्रदेशको ८ वटा जिल्लामा १३६ वटा योजनाको लागि ६ अर्ब ९३ करोड २९ लाख २ हजार विनियोजन हुँदै गर्दा सातौं स्थानमा कर्णाली प्रदेशको दशवटा जिल्लामा ७९ वटा योजनाको लागि २ अर्ब ६४ करोड ५४ लाख र २९ हजार मात्र बजेट छ। आधारभूत आवश्यकताको दृष्टिबाट हेर्दा अंश त पूर्ण सन्तुष्ट हुनसक्ने गरी प्रदेशगत रूपमा बजेट विनियोजितको सन्तुलित रेखा कोर्न नसकेको देखिन्छ। एवं रितले अब बजेटहरू सबै प्रदेशमा गएको छ। सरकारले बाँडफाँट गरेको बजेट मध्ये केन्द्रतर्फ ४६ अर्ब १४ करोड र त्यसैगरी ससर्त अनुदान प्रदेशतर्फ ६ अर्ब ३५ करोड र स्थानीयतर्फ ३३ अर्ब ४७ करोड ५३ लाख २० हजार बजेट गएको छ।

सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा बजेटले सहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, मनोमोहन कार्डियोथेरासिक भास्कुलर ट्रान्सप्लान्ट केन्द्र, त्रिभुवन विश्वविद्यालय शिक्षण संस्था, अस्पताल, सुरेश वाग्ले मेमोरियल क्यान्सर केन्द्र, सीता दाहाल मेमोरियल कलेज, वि.पी.कोइराला क्यान्सर अस्पताल, जी.पि. कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, भक्तपुर क्यान्सर अस्पताललगायतका दर्जनौं पूर्वाधार विकास तथा उपकरणको लागि बजेटले व्यवस्था गरेको छ। ऊर्जातर्फ दर्जनौं सकारात्मक योजनाहरू आएका छन्। आगामी वर्ष ९०० मेगावाट थप गरी चार हजार पैंतालिस सय मेगावाट पुर्याउने लक्ष्य उत्साहजनक छ। ऊर्जा, व्यापार, नवीकरणीय ऊर्जा उत्पादनमा बजेटले जोड दिएको छ। सिँचाइतर्फ सिक्टा सिँचाइ, बबई सिँचाइ, महाकाली सिँचाइ, मरिन सुनकोशी डाइभर्स लगायतका सिँचाइ र जलाधार निर्माणको लागि बजेटले सम्झिएको छ। पर्यटन तथा नागरिक उड्डयनतर्फ ९ अर्ब २३ करोड बजेट विनियोजन भएको छ। पोखरा, भैरहवा एयरपोर्ट सञ्चालनमा ल्याउन प्रयत्नरत छ, यसतर्फ बजेटले ध्यान दिएको छ। आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने कार्यक्रम सकारात्मक छ। ग्रेट हिमालयन ट्रेल, टाकुरा पर्यटकीय गन्तव्य, गुरिल्ला ट्रेल लगायतका दर्जनौं पर्यटकलाई आकर्षण गर्ने आकर्षक योजनाहरू आएको छ। बजेटले राष्ट्रिय सुरक्षालाई प्राथमिकतामा राखी नेपाली सेनालाई दक्ष र प्रविधियुक्त बनाउन जोड दिँदै बङ्करदेखि व्यारेकसम्म कार्यक्रम ल्याएको छ। र समष्टिगतमा बजेटसापेक्ष, सन्तुलित छ। म यो बजेटको

मूल स्पीरिटलाई समर्थन गर्दै सम्माननीय अध्यक्षज्यूमार्फत बजेटको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयसँग जोडदार माग गर्दछु। धन्यवाद। अभिवादन।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य दुर्गा गुरुङ। समय १० मिनेट। त्यसपछाडि माननीय सदस्य सोनाम गेल्जेन शर्मा।

(१४:४६ बजे)**माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्री वर्षमान पुनज्यूले जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा पेश गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ को बजेट विनियोजन विधेयकमाथि मन्त्रालयगत छलफल चलिरहेको छ। आजको छलफल खानेपानी मन्त्रालयमा विशेष ध्यान दिन चाहन्छु। हाम्रो देश नेपाल जलसम्पदाको अपार भण्डार भएको देश हो। तर ती सबैको उचित संरक्षण, व्यवस्था र उपयोग गर्न सरकारले सकिरहेको छैन। सन् २०३० सम्ममा स्वच्छ खानेपानी सबै जनताको पहुँच पुर्याउने गरी सेवा विस्तार गर्ने लक्ष्य सरकारले लिएको छ। अहिलेसम्म २७% जनताको मात्र स्वच्छ र शुद्ध पानीमा पहुँच पुगेको छ। "एक घर एक धारा" को अभियानले निरन्तर पाएको देखिए पनि समस्यामा धारामा पानी नआउने, आएको पानी पनि शुद्ध नहुने गुनासो व्यापक रूपमा आइरहेको छ। सम्माननीय अध्यक्षज्यू, खानेपानीका वितरण लाइन २५% मात्र ठिक छन्। ४०% को पूर्ण रूपमा मर्मत गर्नुपर्ने अवस्था छ। २०% सरकारी विद्यालयहरूमा सुधारिएको खानेपानीको लाइन नै छैन। मानवीय गतिविधिले नै जलवायु परिवर्तन भई पानीका स्रोतहरू सुक्दै जान थालेका छन्। चुरे क्षेत्रमा भइरहेको वनविनाश, ढुङ्गा गिट्टी र बालुवाको उत्खनन्ले तराईमा ठुलो असर पर्ने सम्भावना बढ्दै गइरहेको छ। सरकारले कहिलेसम्म यी समस्याको निराकरण गर्ने हो?

सम्माननीय अध्यक्षज्यू, राणा प्रधानमन्त्री वीर शमशेरले १८९१ मा तीन सय वीर धारा जडान गरी सुरु गरेको काठमाडौं उपत्यकाको खानेपानीको व्यवस्था एउटा युग वितिसक्दा पनि अझै व्यवस्थित हुन सकेको छैन। खानेपानी मन्त्रालय बनाएर सरकारले काम गर्न थालेको नौ/दश वर्ष बितिसक्यो तर पनि जनअपेक्षा पूरा गर्ने गरी काम गर्न सकेको जस्तो लाग्दैन। खानेपानी मन्त्रालय मातहतका ठुला आयोजना, बोर्ड, संस्था तथा समितिहरू भ्रष्टाचारका अखडा बनिरहेका देखिन्छन्। यतातर्फ पनि खानेपानी मन्त्रालयलयको गम्भीर ध्यान जाओस्। काठमाडौं जनताको सपना मेलम्ची राम्रोसँग सञ्चालनमा जाओस् सम्माननीय अध्यक्षज्यू।

अझै पनि पैंतिस लाख जनता आधारभूत खानेपानीको अभावमा दुःखले जीवन धानिरहेका छन्। ट्युवेल, कुवा, इनार, खोला आदिको पानी खाएर जनता विभिन्न रोगले पीडित छन्। हाम्रो संविधानको धारा ३५ को उपधारा ४ को स्वास्थ्य सम्बन्धी हकले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हक हुनेछ भनी व्यवस्था गरेको छ। यतातर्फ पनि खानेपानी मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु।

बजेटमा आएका योजनाहरू देखाउन, कार्यान्वयन गर्न आएका हुन् भन्ने कुरा प्रमाणित होस् सम्माननीय अध्यक्षज्यू। पानी हाम्रो जीवन हो। पानी बिना कुनै पनि जीवजन्तु प्राणी बाँच्न सक्दैन। स्वच्छ, सफा पानी खान पाउने सबै अधिकार हो। शुद्ध पानी खान पाउने नागरिकको अधिकारलाई नेपालको संविधान, २०७२ ले पनि पहिलो प्राथमिकता दिएको छ। तर आज हामी दूरदराजका मानिसको त के कुरा गर्नु देशकै मुटु मानिएको राजधानी उपत्यका सहरहरूमा पनि विशेषगरी काठमाडौंका नागरिकहरू सफा, शुद्ध पानीका लागि काकाकुल जस्तै भएको अवस्थामा सन्त नेता पूर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईको काठमाडौं बासीको लागि मेलम्ची खानेपानी योजनाको परिकल्पना गरी गरेको संविधानलाई काठमाडौं बासीले लामो समयसम्मको प्रतिक्षा मेलम्चीको पानी त देख्न पाए तर दीर्घकालीन सोच र कार्य गर्न नसक्दा आज पनि पानीको हाहाकारबाट मुक्त हुन सकेका छैनन्। वर्षा सुरु भए लगत्तै भल, बाढी, पहिरोको प्रभाविक मेलम्ची खानेपानी अवस्थाको लागि विकल्पहरू खोज्नु पर्दैन र? यि नागरिकको ढुक्क भएर सहजरूपमा शुद्ध पानीको उपभोग गर्न कहिलेसम्म पाउँछन् सम्माननीय अध्यक्षज्यूमार्फत नेपाल सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यो त भयो राजधानीको कुरा, अब राजधानीभन्दा बाहिरतिर फर्केर हेर्यो भने अहिलेको जलवायु परिवर्तनकै कारण अत्यन्त उच्च तापक्रम वृद्धि, लगानी जस्ता कुराहरूले गर्दा मुहानहरू सुक्दै गएका छन्। खोला नालाहरू सुक्दै गएका छन्। देशैभरि खानेपानीको हाहाकार भएको छ सम्माननीय अध्यक्षज्यू। बाँकेको कोहलपुरबाट जाने ३३ के.भी. को विद्युत लाईनले कर्णालीका जनताको जीवनप्रति मजाक गरिएको छ? न त हावाहुरी न त वर्षा छिन छिन मै बिजुली गइरहने। बिना सूचना लामो समयसम्म बिजुली नआउने, गर्मीमा पङ्खा पनि नघुम्ने, लो भोल्टेजका समस्याले जनता विद्यालय अस्पतालदेखि निजी क्षेत्र तनावग्रस्त छ। तर नेपाल सरकार मौन छ। ता कि कर्णालीका जनता अझै लामो समयसम्म अँध्यारोमै बस्नुपर्छ। त्यसैले बाँकेको स्थानीय जनतासँगको समस्या तत्काल सुल्झाएर १३२ के.भी. को लाइन ल्याउने अवस्था नेपाल सरकारको ध्यान जाओस् सम्माननीय अध्यक्षज्यू।

बजेट कार्यान्वयन हाम्रो अवस्था अत्यन्तै कमजोर छ। त्यसैले सबै मन्त्रालयको हकमा विनियोजित बजेट राम्रोसँग खर्च हुन सकोस् र बजेट देखाउन होइन कार्यान्वयनको लागि ल्याएको हो भन्ने व्यवहारद्वारा पुष्टि हुन सकोस्। सरकारले ल्याएको यो बजेट बजेटले देशको अर्थतन्त्रको अवस्था सुधार ल्याउन सकोस्। देश र जनताको जीवनस्तर फेर्न सकोस्। समग्रमा यति कुरा राखेर अब म संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय केन्द्रित रही केही धारणा राख्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हामी सबैलाई थाहा भएकै कुरा हो। हाम्रो देश नेपाल क्षेत्रफलको हिसाबले सानो छ। जनसङ्ख्या पनि छिमेकीमा रहेका दुई ठुला देश भारत र चीनसँग तुलना गर्दा अत्यन्तै कम छ। तर देशभित्र रहेका हिमाल, पहाड, ताल, तराई जलवायु लगायतको विविधता प्राकृतिक सुन्दरता तथा सामाजिक संस्कृति हिसाबले यसको छुट्टै पन छ। र विशाल र आकर्षक छ। पर्यटकीय दृष्टिले विश्वकै एक रमणीय, सुन्दर र आकर्षणको गन्तव्यको रूपमा नेपाल परिचित पनि छ। धरातलीय जैविक र सामाजिक, संस्कृतिक, विविधता, सुन्दरता हाम्रा अमूल्य सम्पत्ति हुन्। सगरमाथालगायतका उच्च हिमशृङ्खलाहरू लगायतका रारा रमणीय तालहरू लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ लगायतका विश्व सम्पदा सूचीमा परेका ठाउँहरू नेपालमा छन्।

सम्माननीय अध्यक्षज्यू, तीन अर्ब हाराहारीमा जनसङ्ख्या भएका विशाल दुई देशको बिचमा रहनु र अत्यन्तै रमणीय, सुन्दर हुनु हाम्रो लागि सौभाग्यको कुरा हो। तर हामीले हाम्रा सम्पदाहरूको राम्रो ढङ्गले प्रचार प्रसार गर्न सकिरहेका छैनौं कि उचित वातावरण बनाएर छिमेकीलाई नै आकर्षित गर्न सकिरहेका छैनौं । हाम्रो पर्यटन व्यवसाय जति फस्टाउनु पर्ने हो त्यति फस्टाइरहेको छैन। मलाई लाग्छ हाम्रो देशका सातवटै प्रदेशहरू छुट्टा छुट्टै ढङ्गले पर्यटकीय हबका रूपमा विकास गर्न सकिने सम्भावना बोकेका प्रयासहरू हुन्। तर सरकार त्यसो गर्न सकिरहेको छैन।

सम्माननीय अध्यक्षज्यू, सन् २०२२ को डाटा हेर्दा विश्वको पर्यटन व्यवसायीले दुई खर्ब आठ अर्ब अमेरिकी डलर आम्दानी गर्यो र एउटा ठुलो उद्योगको रूपमा पर्यटन व्यवस्था विस्थापित हुँदै तर पर्यटन व्यवसायलाई हाम्रो देशको अर्थतन्त्रको विकास वा समृद्धिको लागि सरकारले राम्रोसँग विस्तार गरी उपयोग गर्न नसक्नु दुःखको कुरा भएको छ।

आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि सम्माननीय अर्थमन्त्रीज्यूले ११ अर्ब ९१ करोडको बजेट संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयको लागि विनियोजित गर्नुभएको

छ। एकातिर पर्यटन प्रवर्द्धन गर्ने र सोह्र लाख पर्यटन भित्र्याउने लक्ष्य राखिएको छ। बुद्ध पथ, शिव परिपथ, रामायण परिपथ, किँरात संस्कृति परिपथ, ग्रेट हिमाल ट्रेल, मुन्धुम ट्रेल बनाउने कार्यक्रम ल्याएका छन्। छिमेकी मुलुक चीन र भारतमा मेला र महोत्सव गरी प्रचार प्रसार गर्ने कुरा पनि गरिएको छ। अर्को तिर संस्कृतिको हिसाबले इतिहास, संस्कृति र भाषा, सभ्यताको संरक्षण सम्बर्धन गर्ने विविध संस्कृति क्षेत्रको विकास ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय १२ मिनेट। त्यसपछाडि माननीय सदस्य गोपाल भट्टराई।

(१४:५७ बजे)**माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, अर्थमन्त्रीज्यूले यो आर्थिक वर्ष २०८०।०८१ को बजेटको सम्बन्धमा राखुभएको यो बजेट भाषण तथा यहाँ हाम्रो यो सभामा पनि राखुभएको धेरै हाम्रो प्रश्नहरूको उत्तरको सम्बन्धमा केही कुरा राख्न गइराखेको छु। र केही मन्त्रालयको सम्बन्धमा पनि म टिकाटिप्पणी गर्न अनुमति चाहन्छु। अब सर्वप्रथम हामी सानोमा पढ्थ्यौं । नेपालमा पूर्वमा मेची, पश्चिममा महाकाली, उत्तरमा चीन, दक्षिणमा भारत छ भनेर पढ्थ्यौं। अनि यसो हेर्रें नेपाल त त्यो भित्र हुनुपर्ने। अनि अर्को यसो बजेट हेर्छु खाली आ-आफ्नो जिल्लामा मात्रै चिन्ने। फेरि संविधान पल्टाएर हेर्छु मन्त्रीहरू सबै नेपालको मन्त्री हुनुपर्ने। हाम्रो देशको मन्त्री हुनुपर्ने। कहाँ कुन जिल्लाको मन्त्री पो पर्यो कि भन्ने पनि संविधान हेर्छु। संविधानमा त फेरि सबै मन्त्रीहरू नेपालकै मन्त्री हुने रहेछ। हाम्रै देशको मन्त्री हुने रहेछ। संविधान अन्तर्गत तर यहाँ त मन्त्रीहरू पनि जिल्लाको मन्त्री, क्षेत्रको मन्त्री, प्रदेशको मन्त्री यस्तै यस्तै गरेर बजेट छुट्याएको छ।

अब मैले भन्नुपर्दा हामी सङ्घीय व्यवस्थामा गइसकेका छौं। सङ्घीय व्यवस्थालाई हामीले कार्यान्वयन गर्न जरुरी छ। संविधानलाई कार्यान्वयन गर्न जरुरी छ। हामी यस्ता सिस्टमहरू बनाउँछौं। यस्ता सिस्टमहरू बनाइसकेपछि त्यो सिस्टमले काम गरोस् देशमा बजेटहरू बाँडफाँट गर्दाखेरि डाटाहरू स्पष्ट होस्। कुन देशको सूचकाङ्क कस्तो छ। गरिबहरूको सूचकाङ्क कस्तो छ कुन क्षेत्रको। कुन क्षेत्रको पर्यटनको सूचकाङ्क कस्तो छ कुन क्षेत्रको चाहिँ खानेपानीको सूचकाङ्क कस्तो छ। विद्युतको सूचकाङ्क कस्तो छ भनेर अलिकति वैज्ञानिक तरिकाले यो देशमा एउटा बजेट छुट्याउने प्रणालीको विकास भयो भने हाम्रो देशको विकास भनेको पूर्व मेचीदेखि पश्चिम

महाकालीसम्मको विकास सम्भव छ जस्तो लाग्छ। यो वैज्ञानिक पाराको यो व्यवस्थापन भएन र हामी जहिले पनि पछि परिराखेका हुन्छौं। अब सानो तिनो योजनाहरू छन्। ५०,००० को योजना छन्। एक लाखको योजनाहरू छन्। त्यो योजना मलाई के लाग्छ भने पाँच दश लाखको योजना छुट्याउँदै गयो भने त्यो सबै हराउने योजना बाहेक त्यसले केही विकासमा एउटा चाहिँ नतिजा ल्याउने योजना चाहिँ हुन सक्दैन। त्यो सबै हराउँछ हेर्नुहोस्। एउटा राम्रो खालको अध्ययन गर्ने हो भने नेपालमा केन्द्रमा भएका पठाएका योजनाहरूमा तपाईंले पाँच दश लाखको योजनाहरू सबै हराएको छ। त्यसले केही न केही त्यो प्रतिफल दिएको छैन। अलिकति पनि केन्द्र सरकार भइसकेपछि अलिकति यो सङ्घीयतालाई पनि सङ्घीयताको मर्मलाई पनि आत्मसात् गर्दै बजेटहरूलाई विनियोजन गर्दै अस्ति मलाई ढुकढुक भइराखेको थियो किन भने सम्माननीय प्रधानमन्त्रीज्यूले तीन करोडसम्मको योजना केन्द्रले गर्दैन, प्रदेशमा जान्छ है, स्थानीय तहमा जान्छ भनेर एउटा चाहिँ प्रधानमन्त्रीज्यूले जहाँ पनि बोल्दै हिड्नुभएको थियो। सम्बोधनको क्रममा बोल्नुभा'थ्यो। मलाई ढुक्क के भयो भने अब अलिकति सङ्घीयताको प्रारूप तयार हुन्छ कि? भन्ने हामी जस्ता मान्छेहरूको एउटा चाहिँ आशा थियो। तर मन्त्रीज्यूहरू प्रधानमन्त्रीको अन्तर्गत हुनु हुन्न कि? सचिवज्यूहरू प्रधानमन्त्री अन्तर्गत हुनुहुन्न कि? प्रधानमन्त्रीको आदेशलाई टेर्नु हुन्न कि? यो के भयो भयो। हरेक मन्त्रालयमा छुटाएको छ। पाँच लाख दश लाखको योजना त छुटाएको छ। अझै पर्यटनमा हेर्न जाने हो भने पर्यटनको त कस्तो योजना छन्। त्यसको वयान नै नगरौं । अब मलाई के लाग्छ भनेदेखिन् हामी बोल्छौं उहाँहरू सम्झाउन आउनुहुन्छ।

मलाई एउटा कथा भन्न मन लाग्यो।एकजना दुईजना साह्रै मिल्ने साथीहरू रहेछ रे। अनि मिल्ने साथीहरू एकजना साथी चाहिँ एकदिन रोइराखेको देखेपछि अर्को साथीले सोधेछ किन रुन्छौ त भन्दाखेरि मेरो त बुबा मर्‍यो, बुबा खस्यो, स्वर्गारोहण हुनुभयो। यो संसार नै यस्तै हो। मर्ने जन्मने क्रम चलिरहन्छ। त्यसो भएर रुनु पर्दैन। एक न एक दिन हामी पनि मर्नैं पर्छ भनेर साथीले सम्झायो रे। एक दिन त यसो हेर्छु। फेरि अर्को त्यही सम्झाउने साथी रोइरहेको रहेछ। अर्को साथीले सोधेछ। किन रुन्छौ त? भनेको त मेरो त बुबा त खस्नुभयो भनेर भन्यो रे। अस्ति त मलाई यसरी सम्झाउदै थियौं। अहिले चाहिँ किन रोएको तिमी चाहिँ भन्दाखेरि अस्ति त तेरो बाउ पो मर्‍या थ्यो। अहिले त मेरो बाउ मर्‍यो भन्यो रे।

त्यसकारण यहीं चाहिँ हाम्रै चाहिँ मर्‍या छ। तल पर्ने हरूको चाहिँ मर्‍या छ। मन्त्रीज्यूले चाहिँ चलाउनु भएको छ बजेट यहाँ भनेर, त्यहाँ भनेर। अनि मन्त्रीज्यू बजेट दिने त तरिका पनि कस्तो के भयो भने भन्दा पहिले पहिले हामी खाजा खान्थ्यौं स्कुलमा। खाजा खाँदाखेरि खाजा

ल्याउँथ्यौं। एउटा साथी भाइले त्यहाँ खाजा ल्याएन भने यसो साथी भाइ हेरिरा हुन्थ्यो अनि दुई तीनजना साथीभाइ मिलेर त्यसलाई पनि अलिअलि दे भरे पेट दुख्छ, आँखा लगाउँछ, हाम्रो पेट दुख्छ भन्थ्यौं। त्यस्तै तरिकाले सबै बजेट हामी राखौंला मन्त्रीज्यूहरूको क्षेत्रमा राखौंला। अब त्यसलाई पनि वरिपरिकोलाई पनि, रुने कराउनेहरूलाई अलिअलि दि देउ न त। त्यो त यिनीहरूले कराउँछ भनेर त्यस्तै खालको प्रणालीको विकास गर्न खोजिएको छ। यो राम्रो होइन देशको लागि। त्यसकारण मलाई त के लाग्छ भनेदेखिन् नि हाम्रो सचेतकज्यूले पाँच करोडसम्मको बजेट ल्याउनु तपाईंको पर्छ भनेर हामीले सचेतकज्यूलाई पनि दियौं। अर्थमन्त्रीलाई लानु भयो। मेरो एउटा पनि बजेट परेन। मलाई के कुराको ढुक्क भयो भने म त आफैं अल्पसङ्ख्यक त्योबाट पनि शेर्पाको community बाट आएको, यो शेर्पाले केही बोल्न सक्छ र के जान्न सक्छ र भनेर नदिया जस्तो लाग्यो।

अर्थमन्त्रीज्यूले त्यसकारण मलाई के फिल भयो भन्दाखेरि अब हामीजस्ता अल्पसङ्ख्यकहरूको लागि, दलितका लागि, जनजातिका लागि, राज्यमा पहुँच नसक्नेहरूका लागि यो सङ्घीयता व्यवस्थालाई हामीले जबसम्म कार्यान्वयन गर्न सक्दैनौं। देशको बेथिति यहाँसम्म हुन्छ। त्यसकारण माननीयज्यूले पनि आफ्नो देशको विकास गर्ने हो। के गर्ने हो। भन्ने पनि अलिकति serious भएर यो सङ्घीयता प्रणाली कसरी लागू गर्न सकिन्छ। सङ्घीयता प्रणालीलाई कसरी व्यवस्थित गर्ने भन्ने तिर चाहिँ अलिकति बहस चलाऔं जस्तो मलाई लागेको छ। हामी संविधानमा लेख्या छौं। संविधानमा मात्रै लेखेर हुने भएको भए त। संविधानमा त हामीले मौलिक अधिकार पनि के के लेख्या छौं। स्वच्छ पानी खानेदेखि लिएर स्वास्थ्य सुविधादेखि लिएर सबै कुरा लेखेका छौं। संविधानबाट पनि लेखेर नहुने रहेछ। त्यसकारण हाम्रो प्रतिबद्धता हाम्रो चाहिँ एउटा इच्छाशक्ति जबसम्म यो सङ्घीयता कार्यान्वयन गर्नेतर्फ हुँदैन तबसम्म हामीले केही गर्न सक्दैनौं।

अब यो जलवायु परिवर्तनको कुरा गरिन्छ। जलवायु हिमालमा धेरै असरहरू देखिन्छ। हिमालमा धेरै असरहरू देखिएको हुनाले बारम्बार मैले भन्ने गरेको छु। हामी अन्तर्राष्ट्रिय कम्युनिटीहरूलाई मात्रै दोष लगाएर बस्छौं। हाम्रो पनि केही यो जलवायु परिवर्तनमा हामीले गरेका हिमालमा गरेका फोहोर, हामीले गरेका हिमालमा गरेका चाहिँ अव्यवस्थित यो चाहिँ competition हरूले गर्दाखेरि यो हिमालमा पनि प्रदूषणहरूको मात्रा बढेको छ। त्यसमा सरकारले धेरै बजेट छुट्याउन पर्ने आवश्यकता नै छैन। सरकारले इमान्दारपूर्वक हिमाल चढ्ने rules and regulations र हिमाललाई व्यवस्थापन गर्न rules and regulations ऐन, कानुनहरू राम्रोसँग चाहिँ एउटा चाहिँ राम्रो खालको manage गर्ने हो भने यसले हिमाललाई जोगाउनको लागि १०%

भएपनि काम गर्छ भन्ने मेरो मान्यता रहेको छ किनभने म हिमालसँग जोडिएको हुनाले। मैले बारम्बार भन्ने गरेको छु। हिमालमा जाने एउटा rules and regulations कहिले पनि हुन सकेन, हिमालमा जाने, हिमाल चढ्ने, एउटा नियम हुन सकेन। हिमालमा कस्तो मान्छे जाने भनेर rules and regulations हुन सकेन। यस्तो खालको कुराहरूलाई अलिकति सरकारले सोचिदियो भने अलिकति व्यवस्थित हुन्थ्यो। त्यसकारणले नेपाल सरकारले अर्थमन्त्रालयलाई गुहार्नु पर्ने कामै छैन। यो त कानुन सानुन बनाउँदाखेरि अलिअलि खर्च होला तर त्यसलाई strictly हामीले लागू गर्न सक्यौं भने हामी त्यसको कार्यान्वयन गर्न सक्छौं।

अब हामी यहाँ मन्त्रीहरू हुनुहुन्छ। के हुन्छ हामीले अब अलिकति माइक्रो म्यानेजमेन्टमा जान जनतासँग टच भएर जान आवश्यकता देखिन्छ हामी। पोलिटिकल मान्छेहरूले नीति, नियम, केन्द्रीय तहले बनाउँछ। तर जनतासम्म हामी जान सक्यौं भने स्वास्थ्य क्षेत्रमा प्रगति गर्न सक्छौं। संस्कृति क्षेत्रमा पनि प्रगति गर्न सक्छौं। भाषिक क्षेत्रमा प्रगति गर्न सक्छौं। जातीय जुन किसिमको आवाजहरू उठिराखेको छ। त्यसलाई हामीले सम्वर्धन गर्न सक्छौं। आफ्नो क्षेत्र विशेष हुन्छ। त्यहाँ भाषाको विकास गर्न सक्छौं। संस्कृतिको विकास गर्न सक्छौं। अरू धेरै विकासहरू हामीले गर्न सक्छौं। तर हामी केन्द्रमा बस्ने तर फलानो जातको फलानो जातको भन्यो भने यो हामीले कहिले पनि गर्न सक्दैनौं। त्यसकारण पनि हामीलाई सङ्घीयताको जरुरी छ भन्ने मलाई लागेको छ ।

अनि अर्को यो जुन किसिमको बजेट छुट्याउने परिपाटी छ। यो सङ्घीयतामा भएको भएर गाउँपालिका र गाउँपालिकाहरूले अलि अलि बजेटहरू पाएको छ। एउटा वित्तीय आयोगको सिफारिसमा अलिअलि बजेट पाएको छ। र त्यसले गर्दा मात्र हो नत्र यस्तै प्रणाली रह्यो, रहिरह्यो भने यो सङ्घीयता पनि नहुने हो भने कुनै पनि गाउँपालिकाले त यो वार्षिक बजेटमा केन्द्रबाट त दुई पैसा पनि नपाउने रहेछ भन्ने खालको स्पष्ट देखियो। केही भए पनि अहिले सङ्घीयताको एउटा सानो कार्यान्वयनले पनि त्यति बजेट चाहिँ पाएको छ र त्यसले अलिकति गाउँ घरतिरको विकासको लहरमा चाहिँ अगाडि बढेको छ जस्तो मैले महसुस गरेको छु। त्यसकारण हामी कस्तो प्रणालीबाट चाहिँ काम गर्दै छौं भन्ने कुरा तिर पनि अब सोच्न जरुरी छ। हामी मन्त्रालय धाएर फाइल लगेर मन्त्रालयमा धाउने संसदको काम होइन। हामी त राम्रो खालको नीति बनाउने। सङ्घीयता कार्यान्वयन कसरी गर्ने। डे टु डे जनताहरूलाई चाहिँ कसरी चाहिँ हामीले सेवाहरू प्रदान गर्ने भन्नेतिर चाहिँ हामी जानु पर्ने आवश्यकता छ।

संसारमा यस्ता देशहरू हुन्छन् भ्रष्टाचार नभएको देश कुनै पनि हुँदैन। तर भ्रष्टाचार कस्तो हुन्छ भने हाइलेभलमा भ्रष्टाचार हुन्छ। नागरिकता बनाउने कुरामा भ्रष्टाचार हुँदैन। पासपोर्ट बनाउने कुरामा भ्रष्टाचार हुँदैन। लाइसेन्स बनाउने कुरामा भ्रष्टाचार हुँदैन। हामीले सङ्घीयतालाई राम्रोसँग कार्यान्वयन गर्न सक्यौं भने गाउँ गाउँमा लाइसेन्स बनाउने। गाउँ गाउँमा चाहिँ नागरिकता पाउने, पासपोर्ट बनाउने देखि सबै कुरो चाहिँ दैनिक जनताले चाहने आवश्यकतालाई हामीले सम्बोधन गर्न सक्यौं भने एउटा जनताको हृदयमा सरकार भन्ने कुरा बस्थ्यो। तर आज जनतालाई चाहिँ कत्ति चाहिँ यो उ छ भने आक्रोश छ भन्दाखेरि जहाँ पनि भ्रष्टाचार। समाचारमा सुन्छौं माथि ठुलो योजनामा भ्रष्टाचार भएको सुनिन्छ । आफू पनि भ्रष्टाचारको मा चाहिँ अखडामा गएर चाहिँ ५००/१००० रुपैयाँ चाहिँ एउटा मान्छेलाई नै दिएर चाहिँ काम लगाउनु परिरहेको छ।

त्यसकारण जनता त्यो कुरामा चाहिँ आक्रोशित छ। त्यसकारण योतर्फ पनि सरकारले गम्भीर कुराहरू सोचोस्। यसको पनि मूल जरो भनेको यसको समाधानको मूल जरो भनेको सङ्घीयता कार्यान्वयन नै हो जस्तो मलाई लाग्छ। त्यसकारण हामी सबैले बहससहित सङ्घीयता कार्यान्वयन तिर चलाऔं। यो सङ्घीयता कार्यान्वयन जबसम्म हामी गर्न सक्दैनौं तबसम्म हामीले भ्रष्टाचारलाई पनि न्यूनीकरण गर्न सक्दैनौं। विकास निर्माणको कुरालाई पनि नियोजित गर्न सक्दैनौं। त्यसकारण मेरो रिक्वेष्ट के हो भने उपप्रधानमन्त्रीज्यू पनि हुनुहुन्छ। यहाँ मन्त्रीज्यूहरू पनि हुनुहुन्छ। विशेष गरी जलस्रोत मन्त्रीज्यूलाई मेरो अनुरोध के हो भने हिमाली क्षेत्रमा भएको यो जुन किसिमको हिमाली क्षेत्रमा ग्रीन इनर्जीको धेरै आवश्यकता छ। त्यसमा चाहिँ national grid को लागि आवश्यक पहल कदमी गरिदिनु हुनेछ। र पहल कदमीको लागि मैले चाहिँ त्यो सानो सानो grid हरू चाहिँ national grid बाट पुऱ्याउने स्थानीय तहलाई प्रसारण लाइनको चाहिँ जिम्मेवारी समिति बनाएर गर्न पायो भने सबै हाम्रो चाहिँ व्यवस्थित हुने मैले चाहिँ राम्रो सँग देखेको छु यो विषयमा मलाई पनि राम्रो खालको अनुभव चाहिँ यसको विषयमा पनि छलफल गर्दै गरौंला र अन्त्यमा यति भन्दै मैले बजेटसम्बन्धी राख्नु पर्ने मूलभूत कुराहरूलाई यहीं राखेको छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य गोपाल भट्टराई। समय ९ मिनेट। त्यसपछाडि माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१५:०९ बजे)मानननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, हामी अब यो आर्थिक वर्ष २०८१।०८२ को विनियोजन शीर्षकमाथिको छलफलमा छौं। यो छलफल व्यापक भइसक्या छ। तर पनि आफैंलाई लागेका केही कुराहरू मैले राख्न चाहन्छु। खास गरेर हिजो भएको रोल्पामा भएको दुर्घटनामा मृत्यु हुने सातजना र अन्य घाइतेहरू समेतको अवस्था गम्भीर अवस्थामा हुनुहुन्छ भन्ने सुनिया' छ। मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।

मैले अलिकति यो पर्यटन क्षेत्रमा, खास गरेर पर्यटन क्षेत्रमा लुम्बिनीको अवस्था र लुम्बिनी एउटा विश्वका अधिकाङ्श बुद्ध धर्मावलम्बीहरूको पर्यटकीयस्थल अथवा धार्मिकस्थल भएको हुनाले त्यो लुम्बिनीलाई केन्द्रले हेर्ने दृष्टिकोण चाहिँ राम्रो छैन। दृष्टिकोण राम्रो छैन तर के गर्या छ भने केन्द्रले आफ्नो कब्जामा राख्या छ। आफ्नो कब्जामा छ। दृष्टिकोण छैन। त्यसो भएको हुनाले लुम्बिनीको बृहत् लुम्बिनीको विकासको योजना बन्नुपर्छ। एउटा यो भन्दा बिस, पच्चिस, तिस वर्ष पहिले बनेको योजनासमेत कार्यान्वयन हुन सकेको छैन। ती पूर्वाधारहरू निर्माण गर्ने कुरा अर्बौंको योजना छ। कहिले बिस लाख जान्छ, कहिले दुई करोड जान्छ, कहिले पाँच लाख जान्छ। हामी समितिको तर्फबाट पनि गएर यसो हेर्यौं तर त्यहाँको काम अगाडि बढ्दैन। सधैंभरि त्यहाँका कर्मचारी पाल्ने र केही सानोतिनो काम गर्ने बाहेक अरू काम भा'छैन। त्यसको बृहत्तर योजना बनाउने हो भने त्यसको गुरु योजना चाहिँ बनाउँदाखेरि वृहत्तर लुम्बिनीको बन्नुपर्छ। जन्मस्थानको मात्रै गुरु योजना बना छौं ।अहिले हामीले त्यही लुम्बिनीको एउटा मात्रै गुरु योजना बना छौं। जहाँ बुद्ध हुर्किए, जुन दरबारमा बुद्ध हुर्किएका हुन्। त्यसको अहिलेसम्म बेहाल छ।

उत्खनन्को कार्य कस्तो छ भने एउटा कुनै संस्थाले अलिकति काम गर्दिन्छ। त्यसपछि त्यसले छोड्यो भने त्यो सकियो। अहिले जापानको एउटा संस्थाले गरिदिएको रहेछ । त्यसको पनि अबधि सकियो अरे अस्ति हामीले गएर चाहिँ यसो हेर्याथ्यौं । त्यो काम अगाडि बढेको छैन। आर्को त्यहाँ त्यो सिद्धार्थ गौतम बुद्धभन्दा पहिलाका दुईवटा बुद्धहरूको पनि स्थानहरू छन् त्यहाँ कनकमुनी बुद्ध र ऋकुच्छन्द बुद्ध यी निग्लिहवा र गोटिहवा भन्ने ठाउँ छ। साँच्चै भन्ने हो भने कपिलवस्तु पुरै पुरातात्त्विक जिल्ला हो। त्यो जिल्लालाई मात्रै अलिकति चाहिँ व्यवस्थित गरेर पर्यटक आकर्षण गर्ने हो भने हामी थुप्रै पर्यटकहरू त्यहाँ ल्याउन सक्छौं। अर्को रामग्राममा बुद्धको अस्तुधातुको धातु रहेको त्यहाँ एउटा मात्रै ठाउँ चाहिँ रामग्राम हो। त्यो रामग्राम र यता देवदह पन्डितपुरमा अलिकति उत्खनन् गर्न थाल्या थ्यो। धेरै चिजहरू उत्खनन् मा भेटिएका थिए। अब त्यो पनि अहिले स्थगित छ। देवदहमा देवदह नगरपालिकाले पैसा अलिकति पैसा

हालेर, दश लाख पैसा हालेर उत्खनन् सुरु गर्या छ। एउटा कुवा भेटियो। अब त्यो देवदह नगरपालिकाले त्यो गर्न सक्छ? त्यो सम्भव छैन।

त्यसो भएर समग्र लुम्बिनीको विकासको निम्ति एउटा चाहिँ गुरुयोजना आर्को गुरुयोजना बन्नुपर्छ। त्यो बन्यो भने मात्रै यो बुद्ध सर्किट तयार हुन्छ। त्यो तयार भएर त्यसमा काम भयो भने मात्रै पर्यटकहरू आएर त्यहाँ बस्ने। त्यो सबै ठाउँ घुम्ने। दुई चार दिनको आवासीय व्यवस्था हुने हुन सक्छ। त्यसो भयो भने गौतम बुद्ध विमानस्थल पनि सञ्चालन हुन्छ। गौतम बुद्ध विमानस्थल दुई वर्ष भइसक्यो सञ्चालन हुन सक्या छैन। राज्यले त्यसप्रति ध्यानै दिएको छैन। हिजो एउटा उपसमिति बन्या रहेछ, सार्वजनिक लेखा समितिबाट त्यसले चाहिँ त्यहाँ बोलाएको थियो र त्यहाँ गएँ। यहाँ उपस्थिति हुन सकिनँ। अब त्यहाँका गुनासाहरू त्यत्तिकै छन् र त्यत्रो पैसा त्यहाँ चाहिँ खर्च भएको छ। त्यसलाई सञ्चालन गर्ने कुनै योजना छैन। त्यसो भएको हुनाले यो पर्यटन विकासको निम्ति समग्र योजना भएन भने हामीले पर्यटक कसरी ल्याउँछौं? पर्यटक ल्याउन सक्दैनौं। त्यसको निम्ति मैले अलिकति यो छोटकरीमा मात्रै राखें।

अब अरू कुराहरू धेरै गर्ने त समय पनि छैन। खास गरेर स्वास्थ्य क्षेत्रमा प्रत्येक पालिकामा पाँचदेखि पन्ध्र शैय्याका अस्पतालहरू निर्माण गर्ने जुन योजना बनेको थियो। योजना तयार भा थ्यो। त्यसलाई अगाडि बढाउने कुरामा त्यति राम्रो पहलकदमी भएको देखिँदैन। अरू स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरू पहिले प्रस्तुत गर्नु हुने माननीयज्यूहरूले राखिसक्नुभएको छ। खास गरेर त्यो स्थानीय तहमा आधारभूत तहका स्वास्थ्य संस्थाहरू खास गरेर पन्ध्र र पाँच शैय्याका हस्पिटलहरू निर्माण गर्ने जुन प्रक्रिया छ। यो असाध्यै आधारभूत तहका जनताहरूको पहुँच पुग्ने कुरा हो। त्यसतर्फ हामीले काम राम्रोसँग, काम गरेनौं। त्यसतर्फ काम गर्नुपर्ने हो। त्यो भएको छैन। त्यसतर्फ ध्यान जाओस् भन्न चाहन्छु। खास गरेर यो सिँचाइको सन्दर्भमा हामीले ठुल ठुला आयोनाहरू त सुरु गर्यौं। त्यो सुरु गरेका आयोजनाहरूलाई कार्यान्वयन गर्ने तहमा चाहिँ हामी गा छैनौं । उही गौतमबुद्ध विमानस्थल, पोखरा विमानस्थल जस्तै हुने अवस्था छ। सुनकोशी मरिन डाइभर्सन अब डाइभर्सनको उ चाहिँ खुला भइसक्यो। तर त्यसको ड्याम बनेको छैन। त्यसपछि त्यसको लिङ्केज बन्द नहरहरूको योजना बनेको छैन। अब त्यो बनिसके पनि अब त्यहाँसम्म खेतसम्म पानी पुग्ने बाटाहरू नभएर हामी चाहिँ त्यो योजना सञ्चालन गर्न सकिने अवस्थामा छैनौं। यस्ता कुरामा ध्यान जानुपर्छ र त्यतातर्फ ध्यान गएको देखिँदैन। धेरै ठाउँमा बजेट खर्च भएको छ। त्यसको उपलब्धि हामीले प्राप्त गर्न सकेका छैनौं। यत्ति कुरा राख्दै मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय १० मिनेट। त्यसपछाडि माननीय सदस्य रेनु चन्द।

(१५:१९ बजे)**माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, माननीय कमला पन्तज्यूको खर्च कटौती सम्बन्धमा पूर्ण समर्थन गर्दै आज मुलुकभर बाढी र पहिरोमा ज्यान गुमाउनेहरूको सङ्ख्या दिनानुदिन बढ्दो गएको छ। गुल्मीको मालिका वडा नं. ६ ठाँटी पोखरीमा पहिरोले घर पुरिँदा एकै परिवारका पाँचजनाको ज्यान गुमाएका छन्। भेष बहादुर परियारसहित उनकी श्रीमती बुहारी र दुई नातिनी गरी पाँच जनाको ज्यान गएको छ। यस्ता घटनाबाट ज्यान गुमाउनेहरू सबैप्रति हार्दिक श्रद्धाञ्जली दिँदै विपद्‌मा परेका सबैलाई राज्यले उचित क्षतिपूर्ति र राहत तुरुन्तै उपलब्ध गराओस् भनी ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, हाम्रो संस्कृति, कला र सङ्गीत नेपालको पहिचान हो। पुरातात्त्विक सम्पदा, विश्व सम्पदा, जातिय, लैङ्गिक, भूभागीय, धार्मिक, सांस्कृतिक विभिन्न तवरले मनाइने जात्रा, चाडपर्वले नेपाल कला संस्कृतिमा विश्वकै समृद्ध छ। नेपाललाई दक्षिण एसियाकै कला संस्कृति र ध्यानको राजधानी बनाउन सकिन्छ। सम्माननीय अध्यक्षज्यू, देशको दोस्रो सबैभन्दा धेरै विदेशी मुद्रा आर्जन गर्ने पर्यटन क्षेत्रले करिब छ लाख प्रत्यक्ष रोजगारी स्वदेशमै दिएको छ। सन् २०१९ मा इतिहासकै सबैभन्दा धेरै करिब बाह्र लाख पर्यटक नेपाल भित्रिएका थिए। तर सन् २०२० को सुरुवातदेखि नै कोभिड महामारी फैलिन थालेपछि पर्यटक आगमन करिब ८१% ले घटेर दुई लाख एकतिस हजारमा झर्यो। सन् २०२१ मा यो सङ्ख्या अझै ३४% ले घटेर एक लाख एकाउन्न हजारमा खुम्चियो। यो सङ्ख्या सन् १९७७ पछिकै सबैभन्दा न्यून हो।

नेपालको प्राचीन वास्तु तथा मूर्तिकला, चित्रकला, सङ्गीत एवम् नाट्य स्वदेशमा मात्रै नभएर विदेशमा पनि उत्तिकै प्रसिद्ध र लोकप्रिय छन्। हामी यसलाई जति धेरै बेच्न सक्यौं, त्यत्ति हाम्रो पर्यटन प्रवर्धन गर्न सकिन्छ। यसका लागि सबै क्षेत्रमा सुविधाजन्य आधुनिक विकास हुन जरुरी छ। जस्तै भुईं र आकाशका बाटाहरू सुविधाजन्य हुनुपर्दछ जसले रोजगार वृद्धि, देशको आर्थिक भारमा कटौती गर्दछ। मुलुकलाई कला, संस्कृति र ध्यानको राजधानी बनाइ पर्यटकीय हव बनाइयोस्। नेपालका हवाई सेवा भरपर्दो नहुनु हिमाल शिखरहरूको प्रवर्धन नहुनु पर्यटन विकासमा धक्का लाग्नु हो। लुम्बिनी अन्तर्राष्ट्रिय वायुसेवा आज बेकाम जस्तो भइरहेको छ। सातै प्रदेशका प्रमुख सहरमा हवाइ सेवालाई सुविधाजन्य र चलायमान बनाइयोस्। हाम्रा सम्पदा, हाम्रो

सम्पत्ति लुम्बिनी, मुक्तिनाथ, स्वर्गद्वारी, रुरु रेसुङ्गा, उत्तरगंगा, गोसाइकुण्ड जस्ता धार्मिक पर्यटक क्षेत्रहरूको महत्त्वको बारेमा प्रचार प्रसार र प्रवर्धन गर्न जरुरी छ।

सम्माननीय अध्यक्षज्यू, पर्यटकलाई स्वागत र सेवा गर्ने देशभित्रै निजी लगानी गरेका साना ठुला होटल, उद्योग व्यापार, व्यवसायलाई प्रोत्साहन, संवर्धन, संरक्षण र सहयोग गर्नु पर्नेमा उनीहरूलाई पहुँचवालाको दबाब अनावश्यक प्रशासनिक झन्झट तलदेखि माथिसम्मको सेटिङ्ग र अलमल्याउने गतिविधि बन्द गरियोस्। एकै ठाउँमा कर तिर्ने सिस्टम बनाइयोस्। साना ठुला भ्रष्टाचारीहरूलाई कारबाही गरियोस्।

सम्माननीय अध्यक्षज्यू, निम्नवर्गको हितमा हुनुपर्ने, बृहत् टिचिङ्ग हस्पिटल ठुलाबडा र पहुँचवालाको हितमा छ। बृहत् टिचिङ्ग अस्पताल जस्तै विशिष्टकृत सेवा जस्तो, शुल्कमा जस्तो सबै प्रदेशमा सेवा दिने हो भने केन्द्रमा यस्तो चाप हुने थिएन। यसको अनुगमन र छानबिन सरकारबाट कहिले हुन्छ? तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले एकैदिन सबै प्रदेशका स्थानीय तहमा तीनसय छयान्नब्बे अस्पतालको शिलान्यास गर्यो। कुनै अस्पताल स्थापना गर्नु अगाडि सेवा दिने क्षेत्र हुनुपर्ने सेवा र ती सेवाका लागि आवश्यक जनशक्ति र स्रोतको अध्ययन आवश्यक हुन्छ। अस्पतालले चौबिसै घण्टा सेवा दिन सिफ्टका सेवा प्रदायक चाहिन्छ भन्ने हेक्का समेत राखेको पाइँदैन। लहडमा र जबरजस्ती स्थापना गरिएका अस्पतालहरूको अवस्था अहिले पनि हरिविजोग छ भन्दा फरक नपर्ला।

सम्माननीय अध्यक्षज्यू, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ मा धेरै कुराहरू समेट्न खोजिएता पनि कतिपय कुराहरू बाझिएका छन्। अहिले पनि धेरै आमा र शिशुहरू यसको पहुँचबाट टाढा छन्। गर्भवती आमा र शिशु सुरक्षाको ग्यारेण्टी सरकारले दिओस्। Menstruation, प्रजनन स्वास्थ्यसम्बन्धी अधिकार भएता पनि सुदूरपश्चिममा आज पनि छाउकुनामा धेरै किशोरीहरूले ज्यान गुमाउनु परेको छ। सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयनसम्बन्धी ढिलासुस्ती गर्नुको कारण के हो? आफ्नै देशमा उत्पादन जडीबुटी प्रशोधन र सहुलियत रूपमा प्रदान गर्ने औषधि उत्पादन, विक्री वितरण आएको राजधानीको मुटुमा रहेको तीनसय वर्ष पुरानो सिंहदरबार वैद्यखाना सुसुप्त अवस्थामा अलपत्र हुँदैछ। यसप्रति सरकारको ध्यानआकर्षण गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, नेपालका मेडिकल कलेजले उत्पादन गरेका डाक्टर र नर्सहरू के बेलायत र अमेरिकाको लागि मात्र हो? होइन भने आज हाम्रा दूरदराजमा डाक्टर र नर्स किन हुँदैनन्? सरकारले उनीहरूको खर्च र सुरक्षाको व्यवस्थापन सहुलियत र सुविधा हुन नसक्दा

आज यसको फाइदा पनि विदेशी मुलुकहरूले उठाएका छन्। राज्यले वर्षौं लगानी गरेको दक्ष जनशक्ति, ज्ञान र सीप पनि पलायन हुने गरी विदेश पलायन तीव्र रूपमा बढिरहेको छ। मनग्य आम्दानी र सुरक्षित भविष्यको आकाङ्क्षाले दिगो रूपमा उस्तै उतै बस्ने गरी विदेश गइरहेकाहरूमा चिकित्सक, इन्जिनियर, प्राध्यापक, पाइलटलगायत सबै जसो पेसाका जनशक्ति छन्। सरकारी अस्पतालमा कन्सल्टेन्ट र मेडिकल अफिसर तहमा कुल स्वीकृत दरबन्दीको झन्डै ४६% पद खाली छ। जनरल फिजिसियन तहको ६२% पदपूर्ति हुन सकेको छैन। यस्तो अवस्थामा हरेक पालिकामा बन्दै गइरहेका आधारभूत अस्पतालमा स्वास्थ्य जनशक्ति व्यवस्थापन नै चुनौतीपूर्ण देखिएको छ। दक्ष जनशक्तिको बढ्दो पलायनले मुलुकलाई चौतर्फी क्षति गरिरहेको विषयमा न सरकार गम्भीर देखिन्छ न राजनीतिक दलहरू। "अबको पाँच वर्षमा नेपालमा डाक्टर र नर्स भेटिदैनन्" यो भनाइ तत्कालीन स्वास्थ्य मन्त्री मोहन बहादुर बस्नेतको हो। म पनि अवस्था त्यस्तै देख्दछु।

सम्माननीय अध्यक्षज्यू, वैदेशिक रोजगारीका लागि संस्थागत रूपमा एकसय एघार र व्यक्तिगत रूपमा एकसय अठहत्तर देशमा जान सकिने व्यवस्था छ। विश्वका १४४ मुलुकमा नेपाली पसिना भेटिन्छ। सुरक्षाको दृष्टिकोणले अत्यन्तै जोखिम मानिएका युगान्डा, सोमालिया, सुडान, रुस, इथोपिया यी बाहेक अवैधानिक प्रक्रियामार्फत चरमद्वन्द्वमा परेको युक्रेनजस्तो मुलुकमा पनि नेपाली सैनिक पुग्न बाध्य छन्। वैदेशिक रोजगार विभागको विगत दश वर्षको तथ्यअनुसार खाडी र मलेसियामा मात्रै पैंतिस लाख नेपाली युवा गए। सो अवधिमा पचपन्न लाख नेपाली युवा रोजगारीका लागि विदेशिएका छन्। सोही क्रममा २०८० को फागुनसम्ममा वैदेशिक रोजगारका क्रममा मृत्यु हुनेको सङ्ख्या महिला २५६, पुरुष ९,९५६ गरी १०,२३० नेपाली विदेशी भूमिमा नेपालीले विदेशी भूमिमा ज्यान गुमाएका छन्।

सम्माननीय अध्यक्षज्यू, बाध्यताले विदेशिएका युवाहरूलाई उच्च मनोबलका साथ स्वदेशमै रोक्न सक्ने विषयलाई राज्यको पहिलो प्राथमिकताको विषय बनाउने मेरो प्रस्ताव छ। सरकारले विप्रेषण लाभांशमा ध्यान दिँदा सामाजिक संरचना र संस्कृति माथि नै आँच पुगेको छ भने अर्कोतिर यो विप्रेषणबाट प्राप्त रकम आर्थिक उत्पादनको क्षेत्रमा भन्दा अनुत्पादक क्षेत्रमा बढी प्रवाह भएको देखिन्छ। यसबाट न त राज्यलाई नै सहयोग हुन्छ न त रोजगार दाताको भविष्य नै सुरक्षित हुन्छ। यसका लागि संवेदनशील र व्यवहारिक बन्न सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। जलस्रोतको ठुला ठुला योजना क्षेत्र अलपत्र परेको अवस्था छ। ऊर्जा उत्पादन, खपत र वितरणको राम्रो व्यवस्था नहुँदा राजधानीमा

पनि विजुली बत्तीको अभाव खड्किरहेको छ। स्वच्छ खानेपानी नागरिकको नैसर्गिक अधिकार हो। तर अधिकाङ्श नागरिकहरू स्वच्छ खानेपानीबाट अझै पनि वञ्चित छन्।

सम्माननीय अध्यक्षज्यू, जाजरकोट र पूर्वी रुकुममा भूकम्पले विस्थापित गरेका नागरिकहरू आज पनि अलपत्र अवस्थामा छन्। यही सभाबाट माननीय सांसदज्यूहरूले धेरै पटक यसको व्यवस्था किन भएन? अब आज वर्षा लागिसकेको छ। यो अविरल वर्षाले झन् उनीहरूलाई विपद् बनाएको छ। उहाँहरूले यसको जवाफ माग्नु भएको थियो। माननीयज्यूहरूबाट उठेका प्रश्नहरूको पनि यो माननीय मन्त्रीज्यू, माननीय गृह मन्त्रीज्यूले यसको जवाफ किन दिनुभएन? सम्माननीय अध्यक्षज्यूमार्फत गृहमन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु। आज देश चाहिँ अत्यन्तै कठिन अवस्थामा छ। अविरल वर्षा भइराखेको छ। हामीले हिजो पनि ती कुराहरू उठाइराखेका थियौं । जब घटना घट्छ, घटिसकेपछि मात्रै हामीले ती कुराहरूलाई सोच्छौं। मैले हिजो पनि प्रश्न गरेको थिएँ कि हाम्रो गृह मन्त्रालयको काम, हाम्रो सरकारको काम, प्रहरीको काम मरिसकेका लासहरूलाई उठाउने हो? त्योभन्दा पहिला व्यवस्थित गर्नुपर्यो भन्दाभन्दै पनि आज सयौं ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य रेनु चन्द। समय १० मिनेट।

(१५:२९ बजे)**<u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः-सम्माननीय अध्यक्षज्यू, विनियोजन बजेटमाथि छलफलको क्रममा म यहाँ उपस्थित भएकी छु। यहाँ हिजोदेखि छलफल चल्दा यहाँ एउटा कमन कुरा के आइराखेको छ भने comma, full stop केही पनि चेन्ज गर्न पाइँदैन। यो छलफलको औचित्य के छ भन्ने कुरा भन्दै सबैले छलफल सुरु गरेको हुनाले मैले पनि त्यो परम्परालाई अगाडि बढाएँ। अब यसको जवाफ हुन त अर्थमन्त्रीज्यूले दिइसक्नु भएको छ। उहाँले भन्नु भयो यो अन्तर्राष्ट्रिय परम्परा हो। र यो कानुनमा व्यवस्था भएबमोजिम यो छलफलहरू भइरहेको छ भन्ने भन्नु भो। मैले यसलाई कसरी बुझ्छु भने यो छलफलको औचित्य के हो भने संसदीय अभ्यास बलियो बनाउने कुरा होला। जनप्रतिनिधिमार्फत जनताको आवाजलाई थप सुन्ने र आगामी वर्षमा जनताको आवाजबमोजिम बजेटहरू निर्माण गर्ने कुरा पनि होला।

मैले एउटा कुरा मात्रै जोड दिएर भन्न चाहन्छु। यो बजेटको चाहिँ म समर्थन गर्छु। साथसाथै म यो कुरा, यो ध्यान के आकर्षण गराउन चाहन्छु भने यो संविधानको र बजेटको

कहिँकहीँ भेटघाट भएको देखिँदैन। संविधान र बजेटको भेटघाट हुनुपर्यो। हातेमालो हुनुपर्यो र अगाडि गएर fusion पनि हुनुपर्यो। कहीँ कहीँ त बजेट र संविधानको देखदेख पनि हुँदैन। यो चाहिँ अलिकति समस्याको विषय हो भन्ने कुरामा मैले सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूहरूको ध्यानाकर्षण गराउन चाहेँ। अँ अब यो सु. प. लाई, सुदूरपश्चिमलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा घोषणा गरिएको छ। यसको म स्वागत गर्न चाहन्छु। साथसाथै म पर्यटन मन्त्रीज्यूको ध्यानाकर्षण के गराउन चाहन्छु भने यो घोषणाले हाम्रो प्रदेशका जनता उत्साहित भएका छन्। र यसको पूर्वाधार निर्माण गर्ने गरी सम्बन्धित मन्त्रालयले अविलम्ब काम गर्नुपर्यो र टुङ्गोमा पुर्याउनु पर्यो। कुरा पनि उठेको थियो र सुदूरपश्चिम चाहिँ धार्मिक पर्यटकीय क्षेत्र कसरी घोषणा भयो भन्दाखेरि अब हामी चाहिँ

(१५:३१ बजे)पुनःपीठासीनः- सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल।

माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-धार्मिकरूपमा असाध्यै बढी आस्थावान् क्षेत्र भएको हुनाले र हाम्रो पर्यटनको विकासको लागि त्यो क्षेत्रबाट आसानीका साथ अगाडि बढ्न सक्ने सम्भावना भएको हुनाले त्यहाँ हिमाल छ। तालतलैयाहरू छन्। तै पनि त्यहाँ पोखराको तालको जस्तो प्रचार प्रसार हुँदैन। त्यसका केही जटिलता छन्। तर धार्मिक पर्यटकीय क्षेत्रको रूपमा त्यसलाई अगाडि बढाउन खोजे भने त्यो एउटा यस्तो क्षेत्र हो जहाँ जनताले सहज रूपमा साथ दिन सक्छन्। त्यही आधारमा सायद यो सरकारले घोषणा गरेको होला र यसको पूर्वाधारको निम्ति पनि त्यत्ति नै मिहिनेत गरोस् सरकारले भन्ने मैले ध्यानाकर्षण गराउन चाहेँ।

यो ऊर्जामा योजनाहरू परेका छन्। ऊर्जा मन्त्रीज्यू यहीँ हुनुहुन्छ, मेरो एउटा सानो त्यहाँ जिज्ञासा छ। योजनाहरू परेका छन्। बजेट चाहिँ डल्लोमा छ। र कहीँ कहीँ चाहिँ योजनाहरू परेका छन् र बजेटहरू पनि सङ्ख्या amount पनि परेको छ। र प्रायः जस्तो हाम्रो सुदूरपश्चिम क्षेत्रमा योजना परेका छन्। तर डल्लो बजेटमा परेका छन्। त्यो चाहिँ किन भयो? त्यसलाई अलि व्यवस्थित तरिकाले गर्न पाए हुन्थ्यो भन्ने त्यहाँ ध्यानाकर्षण गराउन चाहेँ। स्वास्थ्यमा खर्चिलो उपचारको मारबाट जनतालाई जोगाउनु पर्यो। खासगरी स्क्रीनिङ्ग र स्क्यानिङ्गको जो टेस्टहरू छन्। यो यति धेरै महँगो छ कि मान्छेले चाहिँ त्यो टेस्ट गर्नभन्दा बिरामीलाई पालेर बस्नुपर्ने बाध्यता सिर्जना भएको छ। त्यहाँतिर स्वास्थ्य मन्त्रालयको ध्यान जाओस्। अनि यो

सुदूरपश्चिम प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छता सुधार कार्यक्रमको लागि बजेट ..... भएको छ। यो राम्रो कुरा हो। यसले चाहिँ अझ व्यवस्थित तरिकाले सम्बन्धित मन्त्रालयले लागू गरोस्।

अर्थमन्त्रीज्यूको पनि मैले ध्यानाकर्षण गराउन चाहें। स्यानिटरी प्याड लगायतका उद्योगको कच्चा पद्धार्थमा लागेको पैठारी महसुल र अन्तःशुल्क घटाउनु भएको छ। यो स्वागतयोग्य छ। तर यसलाई ट्याक्स फ्री गर्न सकिन्छ कि सकिँदैन किनकि हामी महिलाहरूले युज गर्ने कुरा हो। हामी आफ्नो जीवनको आधाआधि अवधि यो सामान युज गर्छौं। यसलाई ट्याक्स फ्री बनाइदिनु भयो भने हामीलाई ठुलठुलो राहत हुन्छ। त्यसैगरी सुदूरपश्चिममा रेडबुकमा आएका योजनाहरू, बजेट भाषणमा आएका योजनाहरू र त्यसमा ..... गरेको बजेटलाई अलि राम्रो तरिकाले खर्च गर्नु पर्यो, पूरा गर्नु पर्यो । योजनाहरू, जस्तो गेमचेन्जर योजनाहरू हामीले भन्ने गरेका छौं। दोधारा चाँदनी, सुख्खा बन्दरगाह, महाकाली सेती कोरिडोर, साल्पा क्रिकेट रङ्गशाला, डडेल्धुरा क्यान्सर अस्पतालको क्षमता ५०० शैय्याको बनाउने भन्ने कुरा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय यसै वर्षदेखि सञ्चालन गर्ने कुरा लगायतका योजनाहरू जो सुदूरपश्चिमको गेम चेन्जर योजनाको रूपमा हामीले हेर्ने गरेका छौं। यिनै योजनाहरूलाई चाहिँ यसै आर्थिक वर्षभित्र यो बजेटको आर्थिक वर्षभित्र पूरा गर्ने गरी हामीले लागू गर्न सक्यौं भने सुदूरपश्चिमको विकासमा यसले धेरै ठुलो योगदान पुर्याउने छ। र अध्यक्षज्यूमार्फत मैले सरकारको र सरकारका मन्त्रीज्यूहरूको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु। उसैपनि बजेट कम हुन्छ। थोरै पैसा छ कसलाई बाँडु भन्ने भइरा होला मन्त्रीज्यूहरूलाई। त बाँडिसक्नु भा'छ। तपाईं यी योजनाहरूलाई पूरा, fulfill गर्ने गरी कृपया मेहनत गरिदिनुहोला भन्ने मैले ध्यानाकर्षण गराउन चाहें।

र आज बोल्ने कुरा आयो यो उथलपुथल अलि छिटो छिटो हुन थाल्यो। हिजोदेखि पनि उथलपुथल भैसकेपछि यहाँ के कुरा राख्ने आदीत्यादि भन्ने कुरा पनि भयो। कसरी राख्ने भन्ने कुरा पनि भयो। जब बजेटको चाहिँ सैद्धान्तिक छलफल हुँदै थियो। त्यो सैद्धान्तिक प्रस्ताव चाहिँ एउटा मन्त्रीज्यूले राख्नुभा'थ्यो। बजेट अर्को मन्त्रीज्यूले ल्याउनु भा'छ। जबाफ कसले दिने हो भन्ने प्रश्न छ। यो बेचन झाको गिरफ्तारीसँग पैदा भएको जो बेचैनी छ। यसले गर्दा के भा'छ भने यो अलिकति कुरा कसरी राख्ने भन्ने कुरा पनि भइरहेको छ। गठबन्धनमा भएका साथीहरू पनि यही हुनुहुन्छ अहिले सरकार मै हुनुहुन्छ। अहिलेलाई त त्यही कुरा गर्नुपर्यो। यसरी हेर्दाखेरि उद्योग मन्त्रीज्यू यहीं बसिराख्नुभा'थ्यो। मैले उहाँलाई भने पनि “मेरे दोस्त मेरे दोस्त किस्सा यह क्या हो गया? सुनाहे कि तु बेवफा हो गया” भनेर पनि भन्या छु मैले। र

गठबन्धनको मक्सद सही हुनुपर्यो। गठबन्धनको मक्सद सही भएन भने हामी ठिक ठाउँमा पुग्दैनौं। अरू कुराले सरकार बन्ने कुनै गठबन्धनले, कुनै सरकारको नयाँ प्रधानमन्त्री बन्ने कोही मन्त्री बन्ने यसले खास गरी हामी parliamentarian हरू लाई कुनै द्विविधा उत्पन्न गर्दैन। द्विविधा के ले उत्पन्न भएको भने हिजो राती भएको कुराकानी जुन तरिकाले मिडियामा आएका छन्। जुन तरिकाले शीर्षस्थ नेताज्यूहरूको नजिकका साथीहरूले त्यसलाई facebook मा, twitter मा social media मा लेख्नुभएको छ। त्यसमा एउटा कुरा गम्भीरतापूर्वक ध्यानाकर्षण गरेको छ। त्यो के हो भने समानुपातिक समावेशी सहभागिताको विषयमा जो उहाँहरूको दृष्टिकोण आएको छ। यो alarming छ र यो स्वीकार्य छैन।

सार्वजनिक क्षेत्रमा महिलालगायत सीमान्तीकृत समुदायको सहभागिता व्यापक बढेको छ। यो संविधानमा लेखिएको त्यही समावेशिता र समानुपातिकताको सिद्धान्तको कारण भएको हो। यो मन नपरेको हो? यो पहिलाभन्दा अहिले निर्वाचनमा स्थानीय तहमा पहिला ११.८% बाट गणतन्त्रपछि ४१.२% महिलाहरूको सहभागिता भएको छ। यसलाई डर लागेको हो? गणतन्त्र घोषणाको समयमा निजामती सेवामा महिलाको सङ्ख्या १२% थियो। हाल २८.५% पुगेको छ। यो नराम्रो लागेको हो? घरजग्गामा महिलाको स्वामित्व २३.९% पुगेको छ। यो चित्त नबुझेको हो? लैङ्गिक असमानताको सूचकाङ्क ०.५३२% बाट सुधार भई ०.४५२% पुगेको छ। यो राम्रो कुरा होइन? यसै अवधिमा महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्गता भएका र पिछडिएका क्षेत्रका गरी चौबिस हजार एक सय बाउन्न व्यक्ति निजामती सेवामा प्रवेश गरेका छन्। यो राम्रो कुरा होइन? के चिजले अफठ्यारो पारेको छ र समावेशिता र समानुपातिक हटाउनुपर्ने निर्णयमा पुगिराख्नु भएको छ नेताज्यूहरू?

भ्रष्टाचारीलाई कारबाही गरेको पनि मन नपरेको हो भने त्यो पनि भन्नुपर्यो। अब बहुमतको भ्रममा त कोही नपरे हुन्छ। यो कम्युनिष्टहरूलाई त झन् बहुमत त फाप्दा नि फाप्दैन। नेकपा हुँदा दुई तिहाइ थियो। के भयो? काँग्रेसको पनि बहुमत थियो। के भयो? त्यसैले बहुमत छ र भइहाल्ला भन्ने नसोचे हुन्छ। नेपाली जनताले दुःख गरेर, ज्यान दिएर रगतको आहुति चढाएर प्राप्त गरेका अधिकारहरू माथि कसैले कुठाराघात गर्न खोज्छ भने त्यो सह्य हुँदैन। त्यो सहिँदैन। संविधानबाट अघि बढ्ने पो खोज्नुपर्यो। जे संविधानमा लेखिएको छ त्यसबाट अगाडि बढ्नु पो खोज्नुपर्यो। पछाडि हट्ने कायरता कसैले देखाउनु हुँदैन। सक्नुहुन्छ संविधानलाई बलियो बनाउने गरी अगाडि बढ्नुहोस्। संविधानमा भएका अधिकारहरूलाई लागू गर्ने गरी अगाडि बढ्नुहोस्। संविधानबाट संविधानमा भएका अधिकारबाट पछाडि हट्ने भनेको

जनतालाई धोका दिनु हो। जनतालाई धोका दिन खोज्नु भयो भने हामी छोड्नेवाला छैनौं। धन्यवाद। लाल सलाम।

(१५:३९ बजे)सम्माननीय अध्यक्षः- माननीय सदसदस्यहरू, विनियोजन विधेयक, २०८१ अन्तर्गत आज छलफलका लागि निर्धारित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, खानेपानी मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरू माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८१ अन्तर्गत मिति २०८१ असार १९ गते को बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगसम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफल हुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै दश मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक आजै १० मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः ०३:४० बजे।